# परिच्छेद : एक

# परिचय

## १.अध्ययनको पृष्ठभूमि

मानव जगत जङ्गली यूग देखि नै कुनै न कुनै रुपबाट शिक्षा प्राप्त गर्दै आईरहेका छन् । परापूर्वकालमा गुरुकुल प्रणालिबाट शिक्षा दिँदै आज विद्या धनम् सर्व धनम् भन्ने उक्ति चलि आएको छ । शिक्षा एक पुस्ताबाट अर्को पुस्तामा अनौपचारिक, अनियमित र पारिवारीक शिक्षा हस्तान्तरण हुने परम्परा रहि आएको छ । तर वि.स.१९०३ बाट राणाकालको उदय सँगै शिक्षामा बिरोधको समय उत्पन्न भयो र लामो समयको अन्तरालपछि राणा सासनको अन्त्यसँगै शिक्षामा सकारात्मक परिवर्तन आयो । समयको परिवर्तन र देशको राजनीतिक परिर्वनतले शिक्षाको नीति तथा नियमहरुमा फेरबदल र विकास हुदै गएको पाइन्छ ।

नेपालको वर्तमान शिक्षाको दृश्यपटल जति फराकिलो छ त्यही अनरूप यसको विगतमा साँगुरीदै गएको थियो । नेपालको शिक्षा प्रणाली धैरै बाटो चिप्लीदै अगाडी बढेको छ । फ्रान्सका इतिहासकार सिल्भान लेभीले नेपालको शैक्षिक पृष्ठभूमिलाई स्वदेशी चरणको शिक्षा, शैक्षिक उपेक्षाको चरण, शिक्षाको बिरोधको चरण गरी तिन चरणमा व्याख्या गरेका छन् । पछि २००७ साल पछाडी नेपालमा विकासको थालनि भएको मानिन्छ । २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग,२०१३ सालमा नर्मल विद्यालय , कलेज अफ एजुकेसन,२०१६ मा विश्व विद्यालय ,२०१७ पछाडी २०१८ मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन भयो । २०२८मा राष्ट्रिय शिक्षा पद्दतिको योजना कार्यन्वयन ल्याइयो । (वाग्ले,२०५९) ।

शिक्षा विकासको क्रमसँगसँगै सर्वसुलभ र गुणस्तरीय शिक्षाको आवश्यकता महसुस गरि सन् २०१५ सम्म सबैलाई साक्षार वनाउने लक्ष्य प्रति नेपालको प्रतिवद्धता जाहेर गरि कार्यक्रम अगाडि बढाएको पाइन्छ । यसरी शिक्षामा क्रमशः शिक्षाामा विकास हुँदै आएको पाइन्छ ।

सकारात्मक रुपमा शिक्षाको गुणस्तर वृद्धिको लागि शैक्षिक सामग्रीको अत्यन्त ठूलो भूमिका छ । शिक्षण सिकाइको केन्द्र विन्दु नै विद्यार्थी भएकाले शिक्षकले कक्षामा अनुकुल बातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषयवस्तु अनुसारका शैक्षिक सामग्रीको सहिकिसिमले प्रयोग गर्न अति आवश्यक छ । शैक्षिक सामग्री भन्दा कुनै पनि सामग्रीलाई लिन सकिन्छ, जसले विद्यार्थीलाई शिक्षण सिकाई कार्यमा सहयोगी हुन सकोस् । उनीहरुले वास्तविक र व्यवहारीक ज्ञान प्राप्त गर्नुका साथै सृजनात्मक प्रतिभाको विकास गर्न समेत मद्दत पुगोस् । विद्यार्थीले अध्ययन क्रियाकलापमा अभिरुची बढाई सोच्ने बानी र पठन पाठन क्रियाकलापमा शिक्षक विद्यार्थीको संलग्नता बढ्न सकोस् भन्ने धारणाका साथ शैक्षिक सामग्रीको प्रयोगलाई जोड दिएको छ, (हाडा २०५९)।

आजका बालबालिका भोलिका कर्णधार हुन् । बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक विकास गराउन बालअधिकारका मान्यताहरु प्रस्तुत गरिएको छ । बालबालिका माथि भएका शोषण, दमन, अत्याचार र बाल श्रमविरुद्ध उठेका कुराहरुलाई बालअधिकार भित्र राखिएको छ । बालबालिकाहरुको सर्वाङ्गीण बिकास गराई सक्षम रुपले व्यवहार परिवर्तन गराउने मुख्य माध्यम नै शिक्षा हो । बाल मस्तिष्कमा नैतिक मूल्य मान्यताका र सामाजिकरणको सुरुआत पनि पूर्व बाल्यवस्थाबाटै हुने गर्दछ । कलिला बालबालिकाहरुलाई क्रियाशिल, सक्षम नागरिक बनाउन, बालकको रुची, चाहना र इच्छा अनुसारको सिकाई

सिकाउन राष्ट्रिय उद्देश्य र तहगत उद्देश्य पूरा गराउन औपचारिक शिक्षाको आवश्यकता पर्दछ । बालबालिकाको कोमल मन मस्तिष्कमा आवश्यकता भन्दा बढी बोझ थुपारी, ठूला-ठूला झोलाहरु बोकाइ, अप्ठ्यारा पाठहरु घोक्न बाध्य पारिएको छ । बालबालिकाको अर्न्तनिहित प्रतिभालाई प्रस्फुटन गराउन सर्वसुलभ रुपमा प्राप्त गर्न सकिने शैक्षिक सामग्रीको प्रयोग उचित ठहरिन्छ तर पर्याप्त मात्रामा प्रयोग भएको देखिँदैन । शैक्षिक सामग्री प्रयोगबाट शिक्षण सिकाइलाई सरल, रुचिपूर्ण, आकर्षक र प्रभावकारी हुन्छ त्यही मनोरञ्जनात्मक शैलीमा शिक्षण गराउने उपकरण नै शैक्षिक सामग्री हुन्, (नेपालको शिक्षा नियमावली, २०४९) ।

(हाउभाउ, अभिनय) द्वारा शैक्षिक सामाग्रीको प्रयोग उचित समयमा गरी सिकाइमा ती ज्ञान, सीप धारणा स्थानान्तरण गर्न सफल हुन्छ । यसको लागि नविनतम वैज्ञानिक प्रविधिको उपयोग गर्नु पर्दछ । विश्वव्यापीकरणको वर्तमान समयमा प्रयोग गरीने सामग्री अत्याधुनिक वनाउन जोड दिनुपर्दछ । कक्षाकोठाको प्रस्तुतीकरणमा शब्दमात्रको प्रयोगले भन्दा श्रब्य दृश्यात्मक शैक्षिक सामग्रीको प्रयोग कलिला बालवालिकाको लागि बढी रुचीकर हुन्छ । सामान्य तथा उच्च शिक्षाका उपाधिप्राप्त ब्यक्तिहरु ब्याख्यान विधिमा अभ्यस्त हुनाले उनीहरु विद्यालयमा पनि यस विधिलाई सहज ठान्दछन् । कक्षामा शिक्षण गर्न सहजै सकिन्छ भन्ने धारणा राख्दछन् तर खास गरेर विद्यालय तहमा वक्ता र स्रोतको रुपमा गरिने कार्य आज अप्रभावकारी भएको तथ्य अध्ययन अनुसन्धान कर्ताले देखाएका छन् । शिक्षण सिकाइ अलग अलग धार हुन् तथापी यी दुई बीच अन्योन्याश्रित सम्बन्ध अवश्यपनि छ । एउटालाई अर्कोबाट अलग गर्न खोज्दा तीनको अस्तित्वमा नै प्रश्न चिन्ह खडाहुन सक्छ । किनकी शिक्षण कलाबाट नै सिकाई हुन्छ । सिकाई प्रक्रियाले शिक्षणमा सघाउ पुऱ्याउँछ (सापकोटा, २०६२) ।

निर्माण भएका शैक्षिक सामग्रीहरुलाई के कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुराको बारेमा सबै भन्दा पहिला जानकारी राख्नु पर्दछ । राम्रो शैक्षिक सामग्री भएर पनि सहि र ठिक ढंगबाट त्यसको प्रयोग हुन सकेन भने त्यसको कुनै औचित्य रहँदैन । शैक्षिक सामग्रीलाई यस बेला प्रभावकारी मानिन्छ जब, शिक्षणका उद्येश्यहरु पुरा गर्ने काममा उक्त सामग्रीले सहयोग पुऱ्याउँछ । शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीमा विभिन्न ज्ञान, सीप र धारणाको विकास गर्न सघाउनु पर्दछ । शैक्षिक सामग्रीको प्रयोग गर्नाले सिकाइ दिगो र अर्थपूर्ण बन्यो भने मात्र शैक्षिक सामग्री प्रयोग गरेको अर्थ रहन्छ । त्यसैले शैक्षिक सामग्रीको छनोट निर्माण र प्रयोग गर्दा पाठको स्वरुप र प्रकृति अनुसार गर्नु पर्दछ । कुनै पनि विषयको शिक्षण गर्दा त्यस शिक्षणमा शैक्षिक सामग्री विद्यार्थीमा उत्सुकता पैदा गर्ने उत्प्रेरणा प्रदान गर्ने, सिकाई स्थायी बनाउने कार्य गर्नु पर्दछ, (अधिकारी, २०६०) ।

बजारिया महङ्गा शैक्षिक सामग्रीको प्रयोग भन्दा स्थानीय स्तरमा नै उपलब्ध हुने सामग्री सङ्कलन गर्न सजिलो, चिन्न बुझ्न सकिने, सजिलै फरक छुट्याउन सकिने साथै लामो समय सम्म स्मरणमा राख्न सकिने ठोस वस्तुको प्रयोग बढी प्रभावकारी हुन्छ । प्राथमिक विद्यालयमा प्रवेश गर्नु अघि गराईने शैक्षिक क्रियाकलापलाई प्रारम्भिक बाल शिक्षा भनिन्छ । यसलाई अनौपचारीक शिक्षाको रुपमा लिइन्छ । नेपालमा पूर्व प्राथमिक शिक्षाको थालनी इटालियन नागरिक मारिया मन्टेसरीले स्थापना गरेको पद्धतिमा आधारित भई २००६ सालबाट भएको हो । हाल आएर यस पद्धतिले व्यापकता पाएको छ । सामुदायिक होस् वा संस्थागत विद्यालय समुदायमा आधारित शिशु स्याहार केन्द्रमा यसका कक्षाहरु सञ्चालित छन् ।

शिक्षणकलाको प्रभावकारी तत्व शैक्षणिक साग्रीको प्रदर्शन र यसको उचीत प्रयोग बिच अत्यन्तै गहिरो सम्बन्ध छ । शैक्षिक सामग्रीको प्रयोग उचीत समयमा उचीत किसिमले हुन सक्नुपर्दछ । पाठको उद्देश्य प्राप्तीमा सघाउ पुऱ्याउन शैक्षणिक सामग्रीको संकलन, निर्माण, प्रयोग,भण्डार आदि सबै पक्षमा कलात्मक एवम् मनोवैज्ञानिक चिन्तनको उपयोग गर्नु पर्दछ । सामग्रीको निर्माण मूलतः स्थानिय स्रोतबाट प्राप्त हुने सस्ता बस्तुबाट प्रभावकारी र आकर्षक ढंगले गरिनु पर्दछ । शैक्षिक सामग्री रोचक हुनाको साथै जिज्ञाशा उत्पन्न गराउने र खोजी गर्ने बानी बसाल्ने हुनु पर्दछ भन्ने प्राथमिक शिक्षा २०४९ को उद्देश्य रहेको छ । शैक्षणिक सामग्रीको प्रयोगबाट पाठ स्पष्ट हुन्छ र प्रस्तुत धारणालाई सिकारुमा हस्तान्तरीत गर्न सफल हुन्छ । एउटा उपयुक्त चीत्रले हजारौं शब्दको ज्ञान गराइरहेको हुन्छ , (सापकोटा, २०६२) ।

बालबालिकाहरुमा शिक्षण सिकाई अर्थपूर्ण बनाउन मौखिक वर्णनले मात्र नहुने हुँदा शिक्षण सिकाई गर्दा सकेसम्म स्थानीय स्तरमा उपलव्ध स्रोत र साधनलाई अधिकतम रुपमा प्रयोग गर्दा शिक्षण सिकाई प्रभावकारी स्थायी, सार्थक र व्यवहारिक ज्ञान प्राप्त गरि सृजनात्मक प्रतिभाको विकास हुने गर्दछ । शिक्षण सिकाइमा प्रयोग हुने सामग्रीहरुलाई स्थानीय सामग्री : ऐतिहासिक स्मारक, स्थलहरु, कलकारखाना, मन्दिर, सरकारी कार्यालयहरु, वनजङ्गल र दैनिक जीवनका प्राकृतिक तथा मानविय घटनाहरु आदि पर्दछन् । मुद्रित सामग्री : पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री । कक्षाकोठा सामग्री : ( चक, डस्टर, नक्सा, पाटी, चार्ट, तस्विर ।) श्रव्यदृश्य सामग्रीः (सिनेमा, टेपरेकर्डर, टि.भी., रेडियो ।) पुरक सामग्री : (पकेट चार्ट, चित्रहरु तथा नमूनाहरु ।) निर्माण सामग्री तथा साधनहरु

: (यस अन्तर्गत रङ्ग, कागज, ब्रस, कपडा, छाला, काठ, किलो विभिन्न थरी माटो, ढुङ्गा आदि,) मा व्याख्या गरिएको छ, (शिक्षाको आधार, २०६०) ।

शैक्षिक सामग्रीले सिकाइलाई सहज र सजिलो बनाउँछ । शैक्षिक सामग्री प्रयोग गर्नाले शिक्षकलाई पनि सिकाउन सजिलो हुन्छ भने विद्यार्थीले पनि सजिलैसँग सिक्न सक्छन् । पाठ्यक्रमले निर्धारण गरको उद्देश्य अनुरुपको विषय वस्तु र विषयवस्तु अनुसारको शैक्षिक सामग्री आवश्यक पर्दछ । शैक्षिक सामग्री विषयवस्तु र स्थानीय परिवेश अनुसार फरक-फरक हुन सक्छन् । शैक्षिक सामग्री भन्नाले धेरैजसो मानिसहरुले पैसा लगाएर बजारमा किन्नुपर्ने वस्तुलाई मात्र बुझ्ने गरेको देखिन्छ , (स्थानीय पाठ्यक्रम स्रोत सामग्री, २०६७) ।

शिक्षण ज्यादै जटिल र चुनौतीपूर्ण कार्य हो । त्यसैले शिक्षकहरुमा उच्च ज्ञान, सीप, कौशल, शिक्षण सामग्रीहरुको निर्माण र प्रयोग गर्ने क्षमता, अध्ययनशीलता नयाँ नयाँ प्रविधिको प्रयोग गर्ने क्षमता हुनु जरुरी छ । त्यसको साथमा सहिष्णुता, धैर्य, परिश्रम गर्ने वानी र सेवाको भावना समेत हुनुपर्दछ । त्यसैले सरकारद्वारा लगानी गरेर प्रदान गरिएको र गर्न लागिएको तालिमले समग्र पक्षमा कति योगदान पुऱ्याउन सक्दछ भन्ने कुरा विचरणीय हुन्छ । शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन (२०५८) अनुसार शिक्षाको गुणस्तर अझ पनि उकासिन नसक्नुमा विभिन्न तत्वहरुमध्ये योग्य, सक्षम, तालिम प्राप्त एवं कामप्रति झुकाव भएका शिक्षकहरुको कमी हुनु पनि एक हो । प्राथमिक शिक्षक तालिम सम्बन्धी खास जिम्मेवारी पाएको शैक्षिक जनशक्ति केन्द्रले गरेका विभिन्न अध्ययन प्रतिवेदनले पनि के कुरा देखाएका छन् भने शिक्षकहरुले प्राथमिक तालिम केन्द्रमा

सिकेका सीपहरु आफ्नो विद्यालयका कक्षा कोठाहरुमा कमै मात्रामा प्रयोग गर्दछन्, (एन.सि.इ.डि.२०११) ।

विषय पाठको स्वरुप अनुसार शैक्षिक सामग्रीको छनोट र निर्माण गर्न सक्नु नै प्रभावकारी शिक्षणको पहिलो लक्षण हो । विषयवस्तुको उद्देश्य वा सन्देश एकातिर र शैक्षिक सामग्रीको प्रयोग अर्कातिर भएमा त्यस्तो शैक्षिक सामग्रीको प्रयोग अर्थ बिहिन हुन सक्दछ । छनोटमा परेका विद्यालयमा शैक्षिक सामग्रीको प्रयाोगको अवस्था विश्लेषण गरी प्रभावकारी ढंगबाट शैक्षिक सामग्रीको प्रयोग गरेर शिक्षण प्रक्रियालाई सबल बनाउन के कस्ता क्रियाकलाप गर्न आवश्यक छ भन्ने तथ्य पहिचान गर्नका लागि सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोग शीर्षकमा प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विभिन्न सामग्रीको प्रयोग आवश्यक हुने देखिन्छ । कुनै पनि विद्यालयको चौतर्फी विकास कार्यका लागि शैक्षिक सामग्रीले प्रभावकारी भूमिका निर्वाह गरेको हुन्छ । तत्कालीन अवस्थामा निजी विद्यालयमा भन्दा संस्थागत विद्यालयमा शैक्षिक उपलब्धि राम्रो भएको देखिन्छ । शिक्षकले शिक्षण सिकाईको क्रममा पाठ्यक्रमका विषयवस्तुलाई प्रयोगमा ल्याउन स्थानीय स्तरमा उपलब्ध स्रोत साधनलाई अधिकतम प्रयोग गर्न सकेमा मात्र अपेक्षित उद्देश्य पुरा गर्न सकिन्छ । बालबालिकाको अपेक्षित उद्देश्य पूरा गर्न, उपलब्धि न्यून भएको कारण पत्ता लगाउन, स्थानीय स्तरमा उपलब्ध साधन र स्रोतको अवस्था थाहा पाउन, स्रोत साधनलाई शिक्षण सिकाई क्रियाकलापमा कस्ता कारणबाट प्रयोग हुन नसकेका हुन पत्ता लगाउन र स्रोत साधनलाई शिक्षण

सिकाई क्रियाकलापमा प्रयोगमा ल्याउन अपनाईने समाधानका उपाय के-कस्ता छन् भन्ने जस्ता महत्वपूर्ण सवालहरुको उत्तर खोज्नका लागि प्रस्तुत अध्ययन कार्य आफैमा समस्या मूलक रहेको छ । सामुदायिक विद्यालयमा शैक्षिक सामग्री भएर पनि त्यसको प्रभावकारी ढंगले प्रयोग हुन नसकेको अवस्था भेट्न सकिन्छ भने संस्थागत विद्यालयमा व्यक्तिगत लगानीबाट सञ्चालन हुने हुँदा यी विद्यालय बढी नाफामुखी हुने गरेको देखिन्छ जसले यर्दा संस्थागत विद्यालयमा विद्यार्थीलाई घोकाउने र कण्ठ गराउने प्रवृत्ति बढी रहेको पाइन्छ । यति हुँदा हुँदै पनि सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रत्योगको अवस्थाका बारेमा अध्ययन गर्नु प्रस्तुत शोधकार्य आफैमा समस्यामूलक रहेको छ ।

## १.३ अध्ययनको औचित्य

औपचारिक शिक्षा अध्ययनका क्रममा आधारभूत तह बालबालिकाको औपचारिक शिक्षा आर्जनको प्रारम्भिक तहका रुपमा लिन सकिन्छ । विद्यालय उमेर पुरा भएका बालबालिकालाई सर्वसुलभ र निशुल्क शिक्षा पाउनु उसको अधिकार रहेको छ । यति हुँदा हुँदै पनि नेपालको सन्दर्भमा शैक्षिक उपलब्धि आशातित हुन नसकेको पाइन्छ । शैक्षिक उपलब्धि राम्रो ल्याउने आसाका साथ कतिपय अभिभावकले आफ्ना बाबुनानीहरुलाई संस्थागत विद्यालयमा महंगो फि तिरेर अध्यापन गराउँदै आएको पाइन्छ । संस्थागत विद्यालयमा विद्यार्थी आकर्षणका लागि पनि बढी भन्दा बढी मात्रामा शैक्षिक सामग्री प्रयोग गर्ने गरेको पाइन्छ तर सामुदायिकमा तुलनात्मक रुपमा प्रयोगको अवस्था कम रहेको देखिन्छ यिनै कुरालाई दृष्टिगत गरी सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोग शीर्षकमा तयार गरिएको प्रस्तुत शोधकार्यको औचित्यलाई निम्नानुसार विश्लेषण गरिएको छः

विद्यालयमा के कसरी शैक्षिक सामग्रीको निर्माण तथा प्रयोग गर्न सकिन्छ भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि सम्बन्धित पक्षलाई सहयोग पुग्ने छ । आधारभूत तथा माध्यमिक तहमा शिक्षण गर्दा के-कस्ता सामग्रीको प्रयोग कसरी भएका छन् जानकारी लिन सम्बन्धित पक्षलाई थप सहयोग पुगेको छ । श्रव्य दृश्य मुद्रित तथा अमुद्रित सामग्रीहरुको प्रयोग गर्दा शिक्षकमा देखिएका कमी कमजोरीको लेखा जोखा गरी उचित प्रयोग गर्नका लागि तालिम प्रदान गर्नका लागि विद्यालय प्रशासन तथा शिक्षा कार्यालयका लागि थप सहयोग पुग्ने छ । सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयायेग सम्बन्धी तुलनात्मक अध्ययन गरी शैक्षिक सामग्री प्रयोगको अवस्थालाई प्रभावकारी बनाउन सम्बन्धित पक्षमा सहयोग पुग्ने छ । विद्यालयका सरोकारवाला पक्षलाई शैक्षिक सामग्रीको उचित व्यवस्थापन एवम् प्रभावकारी ढंगबाट प्रयोग गर्नेका लागि के कस्ता क्रियाकलाप गर्ने भन्ने सन्दर्भमा थप सहयोग पुग्नेछ । बाल मैत्री वातावरणमा अध्यापन गर्नका लागि प्रस्तुत शोध कार्यले थप सहयोग पुऱ्याउने छ । भोलिका दिनमा प्रस्तुत अध्ययन कार्यसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने जो कोही पनि अनुसन्धान कर्ताका लागि प्रस्तुत प्रस्तावना पत्र सन्दर्भ ग्रन्थका रुपमा सहायक सिद्ध रहने छ ।

## १.४ अध्ययनको उद्देश्य

सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोगको तुलनात्मक अध्ययन शीर्षकमा गरिएको प्रस्तुत शोधकार्यको उद्देश्यलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

१) सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको वर्तमान अवस्था पहिचान गर्नु,

२) सामुदायिक तथा संस्थागत विद्यालायमा शैक्षिक सामग्रीको प्रयोमा प्रभाव पार्ने तत्वहरुको विश्लेषण गर्नु ,

३) सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा परेको प्रभावकारिताको विश्लेषण गर्नु,

४) सामुदायिक तथा संस्थागत विद्यालयमा सामग्रीको प्रयोगमा देखिएका कमीकमजोरीहरु पत्ता लगाई निराकरणका उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धान प्रश्नहरु

यस अध्ययनका अनुसन्धान प्रश्नहरु निम्नानूसार रहेका छन् ।

१) आधारभूत तहमा शिक्षण गर्दा श्रव्य दृश्य सामग्रीको प्रयोगको वर्तमान अवस्था के कस्तो रहेको छ ?

२) सामुदायिक तथा संस्थागत विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरु प्रयोग गर्न सकिन्छ ?

३) सामुदायिक तथा संस्थागत विद्यालयमा सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा के कस्तो प्रभाव पारेको छ ?

४) सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका कमीकमजोरीहरुको के के हुन सक्छन् ?

५) सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका कमीकमजोरीहरु निराकरणका उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनका परिसिमाहरु

यस अध्ययनको क्षेत्र व्यापक र विस्तृत भएता पनि उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि निम्नलिखित रुपमा परिसीमित गरिएको छ ।

प्रस्तुत शोधकार्यमा भरतपुर महानगरपालिका अन्तर्गत रहेका १२७ सामुदायिक र १३४ संस्थागत विद्यालयहरु मध्ये सम्भावना रहित उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा श्री उषा अंग्रेजी विद्यालय, मंगलपुर, श्री अर्विट बोर्डिग स्कुल, विकासचोक, श्री श्रीपुर मा.वि., फुलबारी, श्री कैलाशनगर मा.वि., कैलाशनगर गरी जम्मा ४ वटा विद्यालयलाई अध्ययनको जनसंख्याका रुपमा लिएर उक्त विद्यालयहरुमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था सम्बन्धी गहन अध्ययन अनुसन्धान गरीने छ ।

सामुदायिक र संस्थगत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग सम्बन्धी मात्र प्रस्तुत अध्ययन कार्य समीत रहेको छ । अध्ययन तथा अनुसन्धानका क्रममा छनोट गरिएका प्रत्येक विद्यालयमा सम्भावना रहित नमुना छनोट विधिका आधारमा प्र.अ. १।१ का दरले ४ जना , शिक्षक २।२ का दरले ८, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १।१ का दरले ४ जना, अभिभावक २।२ जनाका दरले ८ जना तथा विद्यार्थी ३।३ जनाका दरले १२ जना गरी जम्मा ३६ जनासँग अनुसन्धान कर्ताको प्रत्यक्ष उपस्थितिमा अन्तरवार्ता, प्रश्नावली एवम् कक्षा अवलोकनको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

तथ्याङ्क संकलनका क्रममा प्रश्नावली, अवलोकन, छलफल तथा अन्तरक्रिया जस्ता तथ्याङ्क संकलनका साधनहरुलाई प्रयोग गर्नुका साथै तथ्याङ्क संकलनको

प्राथमिक तथा द्वितीय स्रोतलाई प्रयोगमा ल्याइएको छ । प्रस्तुत अध्ययन गुणत्मक ढाँचाको हुने भएको हुँदा तालिका तथा चित्रलाई भन्दा पनि उद्देश्य अनुसार प्राप्त तथ्यहरुलाई विवरणात्मक तवरबाट व्याख्या तथा विश्लेषण गरिएको छ। तथ्याङ्क संकलनको द्वितीय स्रोतका रुपमा इमेल तथा इन्टरनेटको समेत प्रयोग गरी तथ्य संकलन गरिएको छ ।

# परिच्छेद :दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोग शीर्षकमा तयार गरिएको प्रस्तुत शोधकार्यमा  शिक्षाविद्, विद्धान र अनुसन्धान कर्ताका विचार, लेख, रचना र सुझावहरुलाई बिभिन्न पत्र-पत्रिका, पुस्तक हरुबाट पुनरावलोकन गरिनुका साथै अध्ययन अनुसन्धानसँग सम्बन्धित सैद्धान्तिक खाका चयन गरी आजभन्दा अगाडिका अध्ययन अनुसन्धानहरुको पुनरावलोकनबाट यस अध्ययन अनुसन्धान कार्यलागि पुगेको शैक्षिक उपदेयता समेत प्रस्तुत गरिएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षण कलाका प्रभावकारी तत्व शैक्षिक समग्रीको प्रर्दशन र यसको उचित प्रयोग हो । शैक्षिक सामग्रीको प्रदर्शन र प्रयोग अनि शिक्षण सिकाई क्रियाकलाप बीच अन्योन्याश्रित सम्बन्ध छ । तसर्थ शैक्षिक सामग्रीको प्रयोजन उचीत समयमा उचीत किसमले गर्न सकेमा मात्र शिक्षण सिकाई प्रभावकारी हुने हुनाले यसबाट गुणस्तरीय शिक्षाको अपेक्षा राख्न सकिन्छ । पाठको उद्देश्य प्राप्तिमा सघाउ पुर्‍याउन शैक्षिक सामग्रीको संकलन, प्रयोग आदि सबै पक्षमा कलात्मक मनोवैज्ञानिक चिन्तनको उपयोग गर्नु पर्दछ । शैक्षिक सामग्रीको निर्माण मूलतः सस्तो शुलभ र स्थानिय स्रोतबाट प्राप्त हुने बस्तुबाट प्रभावकारी र आकर्षक किसिमले गरिनु पर्दछ । ताकी त्यसको प्रयोगबाट शिक्षण प्रभावकारी हुन सकोस् । शैक्षिक सामग्री रमाइलो मात्र नभई वालवालिकामा जिज्ञासा उत्पन्न गराउने र खोजी गर्ने बानी वसाल्ने प्रवृत्तिको हुनुपर्दछ । शैक्षिक सामग्रीको प्रयोगले पाठलाई स्पष्ट गराउँछ । प्रस्तुत धारणालाई छर्लङ्ग पार्दछ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराइ राखेको हुन्छ । कक्षा शिक्षणमा शब्दै शब्दको प्रयोग गरेर मुखैले

मात्र शिक्षण गर्दा विषयवस्तुको प्रयोग भन्दा दृस्यात्मक शेक्षिक सामग्रीको प्रयोग वालवालिकाको हिसाबले बढी रुचीकर हुन्छ । शैक्षिक सामग्रीको अभावमा शिक्षकलाई शिक्षण गर्न कठीन हुने मात्र नभई वालवालिकाका लागि सिकाई अरुचीकर हुन्छ । उपयुक्त विषयवस्तुमा उपयुक्त शैक्षिक सामग्रीको प्रयोगबाट विषयको धारणा स्पष्ट हुन्छ । उदाहरणको लागि चित्र, नक्सा, नमुना (Model) को अवलोकन र सामग्री निर्माणको रुपमा विद्यार्थीहरुले सामग्री बनाइएमा शिक्षण ज्ञानवर्धक र अनुभवप्रद हुन सक्छ । यसरी समुचित शिक्षण सामग्रीको उचित मात्रामा प्रदर्शन र प्रयोग हुन सके शिक्षण अझै प्रभावकारी हुनुको साथै शिक्षाको राष्ट्रिय उद्देश्यले गुणस्तरीय शिक्षाको जुन अपेक्षा गरेको छ  त्यो पुरा हुन सक्छ, ( पौडेल, २०५९) ।

स्थानिय स्रोतबाट शैक्षिक सामग्रीको विकास नामक लेखमा शैक्षिक सामग्रीको माध्यमद्वारा विद्यार्थीहरुले व्यवहारीक शिक्षा हासिल गर्दछन् । राष्ट्रिय शिक्षा पद्दतीको योजना कार्यान्वयनबाट विद्यालयमा विद्यार्थीहरुलाई घोकाउने प्रवृत्ती विस्तारै घट्दै गएको कारणले पनि शैक्षिक सामग्री उपलब्ध गराउन जोड दिइएको हो र यसको प्रयोगबाट कृयाकलापयुक्त अध्यापन व्यवहारमा आएको छ । सकरात्मक रुपमा शिक्षाको गुणस्तर वृद्धि र निर्माणको लागि शैक्षिक सामग्रीको अन्यन्त ठूलो भूमिका छ । शिक्षाको केन्द्रविन्दु नै विद्यार्थी भएकोले शिक्षकले कक्षामा अनुकुल वातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषय अनुसारका विभिन्न प्रकारका शैक्षिक सामग्रीको प्रयोग अति आवश्यक छ,

शैक्षिक सामग्री भन्दा कुनै पनि सामग्रीलाई लिन सकिन्छ, जसको प्रयोगबाट विद्यार्थीले सिकेका कुरा उनीहरुको मनमा चिरस्थायी राख्न मद्दत होस्,  उनीहरु सार्थक र व्यवहारिक ज्ञान प्राप्त गरुन्, सृजनात्मक प्रतिभाको विकास गर्न सकुन्, विद्यार्थीले अध्ययन क्रियाकलापमा अभिरुची बढाई सोच्ने बानी बसाल्नुका साथै पठन-पाठन क्रियाकलापमा शिक्षक र विद्यार्थीको संलग्नता बढ्न सकोस् भन्ने

धारणाका साथ शैक्षिक सामग्रीको प्रयोगमा जोड दिएको छ । आर्थिक दृष्टिकोणले पिछडिएको हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा शैक्षिक सामग्रीको प्रयोग एक अनावश्क आर्थिक बोझ हो भन्ने भनाई कहीं कहीं सुनिन्छ । हुनपनि यदि विद्यालयहरुमा रहेका शैक्षिक सामग्रीतिर ध्यान दिनेहो भने हामीले धेरै सामग्री विदेशी हुनका साथै खर्चिला पनि पाउँछौं । जसले गर्दा धेरै कम शिक्षकले मात्र प्रयोगमा ल्याएको पाइन्छ । यसरी शैक्षिक समग्रीमा क्षमता भन्दा बढी खर्च हुनु र त्यसको प्रयोग पार्न कम भइदिनाले राष्ट्रिय शिक्षा पद्धतिको योजनाले राखेको उद्देश्य प्राप्तीमा केही बाधा परेको देखिएको छ । यस समस्यालाई दृष्टिगत गरी विभिन्न शैक्षिक निकायहरुबाट विकल्पहरुको खोजी जारी छ । यो खोजीनीतिको सिलसिलामा शैक्षिक सामग्रीको विकासमा स्थानीय स्रोतलाई परिचालन गर्ने प्रयास भइरहेको छ। विदेशी, बढी मोल पर्ने उच्च स्तरका शैक्षिक सामग्रीहरु प्रयोगमा ल्याउनु भन्दा स्थानीय प्रयासबाट निर्मित सुपथ मूल्यको शैक्षिक सामग्रीहरुलाई बढी जोड दिनुपर्ने कुरा सर्वमान्य भइसकेको छ । झन् त्यसमा पनि विद्यार्थी र शिक्षक दुैले मिलि संयुक्त प्रयासबाट योजनाबद्ध ढंगले निर्माण गरिएको शैक्षिक सामग्रीको प्रयोगले पठन पाठनलाई बढी प्रभावकारी बनाउँदछ । साथै सुपथ मूल्यमा पाइने स्थानीय सामग्री सरल, चिरपरिचित हुनुका साथै सजिलै पाइने हुनाले यस्ता शैक्षिक सामग्रीको सदुपयोगबाट विद्यार्थीहरुमा बढी सकरात्मक प्रभाव पार्दछ, (मालाकार, २०३६) ।

पूर्वबाल्यावस्थाका बालबालिकाहरु आफ्नो धेरै समय घर परिवारमा बिताउने गर्दछन् । घरपरिवार नै केटाकेटीको पहिलो विद्यालय हो । आमावावु केटाकेटीका संरक्षक र अभिभावक हुन् । मानव विकास र वृद्धिका क्रममा हुनुपर्ने सकारात्मक विकास जिम्मेवार आमाबाबु नै हुने गर्दछन् । अर्थात् आफ्ना बालबालिकालाई कस्तो शिक्षा दिने देखि लिएर अनुशासन, सामाजिक दायित्व, रीतिरिवाज, संस्कृति र नैतिकताका व्यवहारहरु सिकाई राम्रो व्यक्तित्वको विकास

गराउन सम्मको दायित्व आमाबाबुको हुन्छ । त्यसै गरि जब बालबालिकाहरु विद्यालय जाने गर्दछन् । त्यस बेलादेखि केटाकेटिका सरसफाई, सरसंगत, खानपिन, रहनसहन, आुशासन, नैतिकता, वातावरण लगायतका सम्पूर्ण कुराहरुको शिक्षा दिने दायित्व शिक्षकको मानिन्छ । अर्को शब्दमा भन्नुपर्दा जन्मदिने आमाबाबुले गरेका हुन्छन् भने कर्म दिने काम शिक्षकले गरेको हुन्छ । त्यसैले भन्ने गरिन्छ बालबालिकाको विकासका संरक्षक आमाबाबु र शिक्षक हुन (शर्मा एण्ड शर्मा, २०६१) ।

पूर्व बाल्यअवस्था बालबालिकाको विकास क्रमको संरक्षणमा आमाबाबु तथा शिक्षकले बालबालिकाहरुको स्वास्थ्यप्रति ध्यान  दिने, आत्मधारणलाई कमजोर बन्न नदिने, दुर्घटनाहरुबाट बचाउने, लिङ्गीय भेदभाव नगर्ने जस्ता कुराहरुमा ध्यान दिनु आवश्यक रहन्छ । केटाकेटिहरुलाई किन्डर गार्डेन देखि नै सफलताका लागि तयार पार्न आवश्यक छ । हाम्रो शिक्षा सुधार एजेण्डाको पहिलो स्तम्भ यहि हो । दोस्रो हामिले हाम्रा स्कुलहरुमा अझ राम्रो मापदण्ड र मूल्याङ्कन प्रणाली स्थापना गरेर अझ गुणस्तरिय शिक्षा दिने क्षमता हासिल गर्नु छ । यसमा केटाकेटीहरुलाई कसरी शिक्षित बनाउने भन्नेकुरामा अभिभावकको रुपमा आँफैलाई अझ बढी उत्तर दायि नबनाए सम्म कुनै सरकारी योजनाले केहि फरक पार्ने छैन । सरकार जति सुकै असल र प्रभाबकारी भए पनि त्यसले घरको टि. भी. बन्द गरिदिनु अथवा भिडियो गेम रोक्न सक्दैन । यी कुरा अभिभावकले मात्र गर्न सक्छन् र गर्नुपर्दछ । शिक्षा केवल अवसर र सफलताको लागि सहायक हुने अतिरिक्त योग्यताको कुरा मात्र होइन प्राय सबै किसिमका अवसर पाउनका लागि चाहिने आधारभुत आवश्यकता बन्न पुगेको छ । देशको भबिष्य नै शिक्षकमा निर्भर छ । तसर्थ शिक्षकले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन समुदाय, वातावरण

र स्थानीय शैक्षिक सामग्रीको खोजी पहिचान र प्रयोगलाई जोड दिएमा बालबालिकाहरुमा पढाई प्रति जिज्ञासा बढ्ने, गुणस्तरमा वृद्धि हुने र आधुनिक युगमा प्राविधिक मानव संसाधनको उत्पादन गर्न सकिने कुरामा दुईमत छैन भनि प्रष्ट पार्नु भएको छ (ओभा ,२००९) ।

विद्यालय एवम् समुदायमा आधारित पूर्व बालविकास केन्द्रहरुको छनोट गरि ५ वटा जिल्लाहरुमा शिक्षा विभाग द्धारा आयोजित सम्मेलनको हालैको विश्लेषण अनुसार यी केन्द्रहरुमा शैक्षणिक सामग्रीहरुको रुपमा काठका गाडिहरु, मकैका खोयाबाट बनाइएका रङ्गिन मालाहरु जनावरहरुको तस्विर, काठका लठ्ठीहरु आदि प्रयोग गर्दै आएका छन् । सहजकर्ताहरु पूर्व बालविकास केन्द्रले व्यवस्थापन समितिका सदस्यहरु र अभिभावकहरुले निकालेको निचोड अनुसार प्रयाप्त स्थानीय शैक्षिक सामग्रीहरुको अभाव हुनु बालबालिकाको रचनात्मक क्रियाकलापहरुको सहभागिताको निमित्त एउटा प्रमुख समस्या हो । जब कुनै ठाँउमा स्थानीय शैक्षिक सामग्रीहरुको प्रयोग गरिदैन वास्तवमा ती ठाँउहरुमा सहजकर्ताहरुले धेरै समय बौद्धिक सिपहरु प्रयोग गर्ने कार्यमा खर्चनु पर्ने हुन्छ, (सेरिड, २००९) ।

प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकालाई सजाय दिनु हँदैन । किनभने उनिहरु जानाजान गल्ति गरेका हुँदैनन् । प्रकुतिले आफ्नो तरीकाले शिशुको विकास गरिरहेको हुन्छ । प्राथमिक तहको शिक्षण सिकाईमा स्थानीय स्रोत साधनको प्रयोगको प्रभाब शीर्षकमा लेखिएको प्रस्तुत लेखमा प्राथमिक तहका विद्यार्थीहरुलाई प्रकृति र वस्तुहरुको प्राकृतिक स्वरुपलाई विचारपूर्वक हेर्न सकियो भने उनिहरुमा चाँडै नै उत्सुकता जागेर आउँछ । सुरुमा उनिहरुलाई विज्ञान

सिकाउनु हुँदैन आफुलाई चासो लागेको कुरा ऊ आफैले पत्ता लगाउने गरोस् । तर्कको ठाँउमा हैकम चलाईयो भने यसले तर्क गर्न छाड्छ । ऊ अरु मानिसको बिचारको खेलौना बन्दछ । बालकलाई भूगोलको शिक्षण गर्दा उसको गाँउ घरबाट सुरु गरिनु पर्दछ । त्यस पछि तिनिहरु बिचको ठाँउ, नदी, सूर्यको रुप , आकार आदिका साहायताले सम्बन्धित विषय पढाउनु पर्दछ । पूर्व प्राथमिक तहको शिक्षण स्थानीय स्रोत र साधनको प्रयोगबाट नै स्तरीय सिकाई हुन सक्ने भन्ने विचार  प्रस्तुत गर्नुभएको छ, (मिश्र, २०७३) ।

बालबालिकाहरुको २ बर्ष देखि ६ बर्ष सम्मको उमेरलाई पूर्वबाल्यवस्था भनिन्छ । यसै गरी यो उमेर बालबालिकाको समुहमा खेल्न बढी मन पराउने उमेर भएकोले र अरुको नक्कल जस्ताको तस्तै गर्ने उमेर भएकाले यसलाई खेलैनाको उमेर र नक्कल गर्ने उमेर पनि भनिन्छ । यस उमेरका केटाकेटिलाई सामाजिकरण अवस्थाको उमेर मानिन्छ । यस प्रकार मानव विकासको क्रममा यो अवस्थालाई ज्यादै महत्वपूर्ण  मानिन्छ किनभने सामाजिक समायोजनका लागि यस उमेरका बालबालिकाहरुले धेरै कुरा सिक्ने गर्दछन्, (शर्मा एण्ड शर्मा २०६७) ।

बालकले स्वतन्त्र वातावरणमा आफ्नै प्रयासबाट शिक्षा प्राप्त गर्दछन् ।  जसमा प्रैाढहरुको कडा अनुसासन तथा दबाबको आवश्यकता पर्दैन । शिक्षालाई किताबका पाना र विद्यालयको चार पर्खाल भित्र खुम्चाएर राख्नु हुँदैन । उनका अनुसार किताबहरु जलाउन पर्खालहरु भत्काउन बालकलाई प्रकृतिमा राखिदिनु सुझाब छ । प्रत्यक बालक आफैँमा एउटा पुस्तक हो जसलाई शिक्षकले एक-एक पानाको अध्ययन गर्नु पर्दछ ,(वाग्ले , २०५८) ।

सिपयुक्त शिक्षा शीर्षकमा यार्सागुम्बा हिमाली भेगमा आम्दानीको ठुलो स्रोत हो । पढाई छाडेर विद्यार्थी यार्सा टिप्न जान्छन् । बर्षमा एकपल्ट हुने भएकाले स्थानीय आवश्यकता अनुसार हामीले यसलाई पाठ्यक्रममा समेट्न उचित ठान्यौं । शर्माले भन्नुभयो यसले उनीहरुको व्यवहारिक ज्ञान विकास गर्न थप मद्दत पुग्छ । पाठ्यक्रम यार्सा के हो ? कसरी टिप्ने ? टिप्न जाँदा आईपर्ने समस्या,व्यापार बिस्तारको क्षेत्र पहिचान, उचित मूल्य र आफ्नो सुरक्षा बारे विस्तृत रुपमा समेटिएको छ । शर्माको भनाईमा अबको शिक्षा सैद्धान्तिक भन्दा पनि स्थानीय स्रोत सामग्री उपयोग हुनेगरि व्यवहारिक हुनु पर्दछ, (शर्मा, २०६९) ।

शैक्षिक सामग्रीको निर्माण मूलत : सस्तो शुलभ र स्थानीय स्रोतबाट प्राप्त हुने वस्तुबाट प्रभावकारी र आकर्षक किसिमले गरिनु पर्दछ । ताकि त्यसको प्रयोगबाट शिक्षण प्रभावकारी हुन सकोस् । शैक्षिक सामग्री रमाईलोमात्र नभई बालबालिकामा जिज्ञासा उत्पन्न गराउने र खोजि गर्ने बानिको विकास गराउने प्रकृतिको हुनु पर्दछ । शैक्षिक सामग्रीको प्रयोगले पाठलाई स्पष्ट गराउँछ । एउटा उपयुक्त चित्रले हजारौं शब्दको ज्ञान गराईरहेको हुन्छ । यसरी विषय अनुसारका स्थानीय शैक्षिक सामग्रीको उचित मात्रामा प्रर्दशन र प्रयोग हुन सके शिक्षण अझै प्रभावकरी हुने कुराको व्याख्या एवम् विश्लेषण गरिएको छ (पौडेल,२०६६) ।

विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापन फितलो भएको विद्यालयमा भन्दा शैक्षिक गुणस्तर राम्रो भएको पाइएको छ । जुन विद्यालयमा शैक्षिक क्षेत्रमा योजना बनाउने व्यवस्थापन समिति छ, जुन विद्यालयमा शिक्षक विद्यार्थी र अभिभावकको कुरा बुझ्ने प्र.अ. छन्, जुन विद्यालयमा लगनशील तालिम प्राप्त शिक्षक छन्, जुन विद्यालयमा अनुशासित र लगनशील विद्यार्थी छन् र तिनीहरुको बीचमा आपसी सम्बन्ध राम्रो छ त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर राम्रो हुने कुरा निश्चित छ ।

यसरी सबै विद्यालयहरुले शैक्षिक सामग्री व्यवस्थापन गर्न भौतिक साथै मानविय पक्षको समायोजन गराई त्यसको निर्माण, प्रयोग र उचीत भण्डारणको लागि विद्यालयमा कार्यरत सबै पक्षको समन्वयात्मक स्थिति सृजना गर्ने प्र.अ. भएमा सिकाई उपलब्धी वृद्धि हुन्छ भन्ने आम धारणा बनाउन सकिन्छ । शैक्षिक सामग्री व्यवस्थापनलाई व्यवस्थित गरी शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी गराउन आधार तयार हुन्छ भन्ने मान्यता स्थापित हुन्छ, (अर्याल, २०६७) ।


## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनैपनि संघसंस्था तथा संगठनमा काम गर्ने मानविय स्रोतको प्रभावकारी संचालन, व्यवस्थापन, परिचालनसँग सम्बन्धित विषयलाई मानव संसाधन व्यवस्थापन भनिन्छ । संघसंस्थामा मानविय संसाधनको भूमिका महत्वपूर्ण रहन्छ (कोइराला, २०५९) । त्यसैले अध्ययनमा एल्टन मायो (१८८०-१९४९) पार्कर फलेट (१८६८-१९३३) द्वारा प्रतिपादित मानव सम्बन्ध सिद्धान्तलाई आधार मानेर यस अनुसार संगठन भित्र हुने भिन्दा  भिन्दै व्यवहारमा जोड दिएको छ ।

व्यवस्थापनको कार्यकुशलताको आधारमा व्यवस्थापकको प्रभावकारीता निर्भर पर्दछ । व्यवस्थापन सामुहिक कार्य भएता पनि व्यवस्थापकले उच्च तहमा वसेर मध्यम स्तरीय र निम्न स्तरीय व्यवस्थापकलाई सहि रुपमा परिचालन गर्नु पर्दछ । सुमधुर सम्बन्ध, समन्वय, मूल्याङ्कन,  नियन्त्रण, सफल र सवल नेतृत्वको आधारमा संगठनले निर्धारित लक्ष्यतर्फ लैजाने दायित्व व्यवस्थापकको हुन्छ । राम्रो व्यवस्थापकले सहभागितामूलक निर्णय गर्दछ । प्रजातान्त्रिक प्रक्रिया अपनाई कार्य गर्दछ । आवश्यक पर्दा जे जस्तो निर्णय गर्न परेपनि डराउँदैन । काम कर्तव्य र अधिकारको विबेकपूर्ण प्रयोग गर्दछ । सहिढंगले लेखा जोखा गर्ने परिचालन गर्ने, मूल्याङ्कन गर्ने गर्दछ (कोइराला, २०५९) । यसका लागि मैले मास्लोको

अभिप्रेरणाका सिद्धान्तलाई आधार मानी यी आधारलाई मास्लोले निम्नलिखित मान्यता देखाएका छन् ।

**मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त ।**




मास्लोको सिद्धान्त अनुसार यदि शिक्षकलाई उत्प्रेरित गर्ने हो भने उसका पाँच तहका आवश्यकताहरु पुरा गर्नुपर्ने हुन्छ । पहिलो तहमा शिक्षकका आधारभूत भौतिक आवश्यकता (गास, वास, कपास), दोस्रो तहामा सुरक्षा, तेस्रो तहमा सामाजिक प्रतिष्ठा इज्जत, चौथो तहमा केही गरुं र देखाउँ भन्ने चाहना, पाँचौतहमा केही रचनात्मक ज्ञान हासिल गरौं र समाजलाई योगदान गरेर छोडौं भन्ने चाहना हुन्छन् । उपरोक्त चाहना पूरा गर्न सकेमा मात्र शिक्षकले समर्पित भई काममा लाग्न सक्दछन् । सामुदायिक तथा संस्थागत जुनसुकै विद्यालयमा पनि शिक्षक समर्पित नभइकन शैक्षिक सामग्री प्रयोग अवस्था प्रभवाकारी हुन सक्दैन यिनै कुरालाई दृष्टिगत गरी मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई प्रस्तुत अध्ययनको सैद्धान्तिक खाकाको रुपमा चयन गरिएको छ ।

### २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

अनुसन्धानकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि अध्ययन अनुसन्धानसँग सम्बन्धित लेखरचना तथा पत्रपत्रिकाहरुलाई साहित्यको पुनरावलोकनको रुपमा प्रयोग गर्नु आवश्यक रहन्छ । जसको प्रयोगबाट सो अनुसन्धानसँग सम्बन्धित विभिन्न पक्षहरूको सम्बन्धमा जानकारी मिल्नुका साथै अध्ययन अनुसन्धानहरूमा देखिएका कमीकमजोरीहरूलाई सुधार गरेर थप प्रभावकारी र गुणात्मक बनाउनका लागि अनुसन्धानकर्ताका लागि थप सहयोग पुगेको छ । आजभन्दा अगाडि गरिएका प्रस्तुत अध्ययनसँग सम्बन्धित साहित्य तथा लेखरचनाहरुको प्रयोगबाट अध्ययन कार्यका लागि सैद्धान्तिकखाकाको चयन गर्न प्रश्नावली तयार गर्न, छनोट गरिएका प्रश्नावलीको व्याख्या एवम् विश्लेषण गर्न, तथ्याङ्क संकलनका स्रोतहरूको प्रयोग गर्न, छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अध्ययन एवम् अवलोकन गर्न समेत थप सहयोग पुगेको छ ।

# परिच्छेद तीन
# अध्ययन विधि

यस अध्ययनलाई पुर्णता प्रदान गर्नको लागि शोधकर्ताले अनुसन्धान कार्यका लागि गुणात्मक ढाँचा अनुसारको शोध विधि प्रयोग गरिएको छ । यस अध्ययनको लागि सम्भावना रहित नमूना छनोटविधि अन्तर्गत उद्देश्यपूर्ण नमूना छनोटविधि अपनाइएको छ । यसैगरी यस शोध अध्ययनको क्रममा प्राथमिक तथा द्धितिय गरी तथ्याङ्कका दुईवटा स्रोतलाई अवलम्बन गरिएको छ । यस अध्ययनको लागि नमूना छनोटमा परेका विद्यालयहरुका शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स अध्यक्षहरुसँग छलफल तथा अन्तरक्रिया गरी तथ्य प्राप्त गर्नका लागि निम्नानुसारको अध्ययन प्रक्रियालाई अपनाइएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

यस अनुसन्धानको उद्देश्य पुरा गर्नका लागि संकलन तथा विश्लेषण गरिने तथ्याङ्कको स्वरुप व्याख्यात्मक प्रकृतिको रहेको छ । यो अनुसन्धान भावनात्मक र लचिलो प्रवृतिले सामान्यिकरण गर्न कठिन महसुस भएकोले यस अध्ययन त्यहाँको प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । यस अध्ययन गुणात्मक ढाँचाको अनुसन्धानमा आधारित हुने भएकाले खुला प्रश्नावली, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेजबाट प्राप्त तथ्याङ्क संकलन गरिएको छ । अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कहरुमा मानिसका विचार धारणलाई वाक्यासंका रुपमा संकलन गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमूना छनोट

यो अध्ययन गुणत्मक अध्ययन भएकोले यस विषयको अध्ययन कार्यलाई अघि वढाउन सम्भावनारहित नमूना छनोट विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनका

क्रममा अध्ययन तथा अनुसन्धानका क्रममा भरतपुर महानगरपालिका अन्तर्गत रहेका जम्मा ४ वटा विद्यालयलाई उद्देश्य पूर्ण नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । छनोट गरिएका प्रत्येक विद्यालयमा सम्भावना रहित नमुना छनोट विधिका आधारमा प्र.अ. १।१ का दरले ४ जना , शिक्षक २।२ का दरले ८, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १।१ का दरले ४ जना, अभिभावक २।२ जनाका दरले ८ जना तथा विद्यार्थी ३।३ जनाका दरले १२ जना गरी जम्मा ३६ जनालाई शोधकार्यको जनसंख्याको रुपमा छनोट गरिएको छ ।

## ३.३ अध्ययन साधनको निर्माण

### क) अन्तरवार्ता प्रश्नावली

यस अन्तरगत छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक, अभिभावक, प्र.अ., विद्यार्थी, विद्यालय व्यवस्थापन समिति अध्यक्षसँग प्रत्यक्ष भेट गरी अन्तरवार्ता प्रश्नावलीको प्रयोग गरी उनिहरुका काम कर्तव्य र अधिकार साथै काम गर्दाको अनुभव, समस्या र सुझाव समेतमा आवश्यक जानकारीहरु संकलन गरिएको छ ।

### ख) अवलोकन फारम

यस अन्तरगत छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक अवस्था, कक्षाकोठाको व्यवस्थापन, शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग, शिक्षकहरुले प्राप्त गरेको तालिम तथा अनुभवहरु, प्राप्त तालिमको व्यवहारमा प्रयोग, विद्यार्थी मूल्याङ्कन, शिक्षक निर्देशिकाको प्रयोग जस्ता कार्यकलापहरुको वास्तविक तथ्य पत्ता लगाउनका लागि अवलोकन फारमको प्रयोग गरि सुचना संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका स्रोतहरु

यस अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क एवम् जानकारी संकलन गर्नका लागि प्राथमिक र द्धितीय स्रोतको परिचालन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययन तथा अनुसन्धानको क्रममा तथ्याङ्क संकलनको प्राथमिक स्रोत अन्तरगत अवलोकन फारम तथा प्रश्नावली विधिलाई बनाई सोधकर्ताको प्रत्यक्ष उपस्थितीमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.२ द्धितीय स्रोत

द्धितीय स्रोत अन्तरगत अनुसन्धानसंग सम्वन्धित विद्यालयका अभिलेखहरु, पत्रपत्रिकाहरु, लेख, रचनाहरु, बुलेटनहरु, प्रकाशित शोध पत्रहरु एवम् सम्बन्धित प्रतिवेदनहरुलाई आधार मानि तथ्याङ्क संकलन गरिएको छ।

## ३.५ तथ्याङ्क संकलन विधि

प्राथमिक सुचना संकलनकालागि छनोट गरिएका विद्यालयका शिक्षक, प्र.अ., स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी प्रतिनिधिहरुसँग प्रत्यक्ष भेटघाट गरि  प्रश्नावलीका आधारमा सुचना संकलन गरिएको छ । यो अध्ययन अनुसन्धान विशेष गरि गुणात्मक प्रकृतिको हुने भएको हुँदा खुल्ला प्रश्नावली प्रयोग गरिएको छ । यस्तै गरि द्धितीय सुचना संकलनका लागि विभिन्न लेखहरु, पत्रपत्रिका, बुलेटिन, सोधपत्रहरु र सम्बन्धित विद्यालयका अभिलेख, ईमेल ईन्टरनेटबाट संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययनका क्रममा प्राप्त सुचना तथा तथ्याङ्कलाई जस्ताको त्यस्तै प्रयोग नगरि अव्यवहारीक, अस्पष्ट तथ्याङ्कलाई प्रशोधन गरि स्पष्ट र व्यवस्थित बनाईएको छ ।

तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका अनुसन्धनात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरुपको आधरमा तथ्याङ्कहरु लाई गुणात्मक तरीकाले विश्लेषण गरिएको छ । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सिमा लाई समेत ख्याल गरि सकेसम्म सन्तुलित गराउने प्रयास गरिएको छ । उपलब्ध तथ्याङ्कलाई आवश्यकता अनुसार परिमार्जन गरि वर्णनात्मक तरीकाले व्याख्या र विश्लेषण गरिएको गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोगको अवस्था के कस्तो रहेको छ भन्ने उद्देश्यले सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोगक शीर्षकमा तयार गरिएको शोध अध्ययनको लागि विद्यालयमा शैक्षिक सामग्रीको वास्तविक जानकारी हासिल गर्न अभिलेखबाट प्राप्त तथ्याङ्कलाई  अवलोकन फारम तयार पारी प्रत्यक्ष अवलोकन र विद्यालयको SIP बाट लिइएको तथ्याङ्कलाई समेत उपयोग गरिएको थियो । सामुदायिक तथा संथागत विद्यालयले शैक्षिक सामग्रीको प्रयोग के कसरी गरेका छन्,  शैक्षिक  सामाग्री निर्माण, संकलन, प्रयोग र उचीत संरक्षण गर्न चालिएका र चालिन पर्ने कदमको लागि विद्यालयको प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य. स. सँग छुट्टाछुट्टै प्रश्नावली तयार गरी त्यसको आधारमा तथ्याङ्कहरुको सङ्कलन गरिएको थियो । यसरी प्राप्त प्राथमिक र द्वितीय तथ्याङ्कहरुलाई तोकिएका उद्देश्यहरुको आधारमा निम्नानुसार व्याख्या र  विश्लेषण गरिएको छ ।

## ४.१ सामुदायिक  तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोगको वर्तमान अवस्था

छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षकहरुले शिक्षकहरुले शैक्षिक सामग्रीहरु के कसरी प्रयोग गर्दै आएका छन् भन्ने बारेमा जानकारी प्राप्त गर्नका लागि छनोटमा परेको विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा तथ्य संकलन गर्नुका साथै द्वितीय स्रोतको समेत प्रयोग गरिएको छ । विद्यालयममा शैक्षिक सामग्री प्रयोगको अवस्थाका बारेमा अध्ययन गर्दा देखा परेका तथ्यलाई निम्नानुसारका उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

### ४.१.१ विद्यालयमा शैक्षिक सामग्रीको अवस्था

यस अध्ययनको नमूना छनोटमा परेका ४वटै विद्यालयहरुमा शैक्षिक सामग्रीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न तयार पारिएको अवलोकन फारम (अनुसूची १ ) प्रयोग गरी शैक्षिक सामग्रीको विद्यालयमा उपलब्धता, तिनीहरुको प्रयोगको स्थिति र तिनीहरुको संकलन स्थानिय वा वाह्य रुपमा भएको थियो भन्ने पक्षको अवलोकन गरियो ।

हाम्रो देशमा राष्ट्रिय शिक्षा पद्धतीको योजना (२०२८) प्रादुर्भाव भएपछि मात्र विद्यालय शिक्षणमा शैक्षिक सामग्रीको आवश्यकता अनुभव गरिएको हो । रा.शि.प. (२०२८) ले स्पष्ट रुपमा लेखेको छ "आधुनिक वैज्ञानिक ढङ्गको शिक्षणका लागि सकेसम्म बढी शैक्षिक सामग्री प्रयोग गर्नुपर्दछ  यस्ता शैक्षिक सामग्रीहरु जनक शिक्षा सामग्री केन्द्र आफैंले तयार पार्नेछ । यस्ता सामग्री तयार पार्नको लागि नमुना सहितको निर्देशन तयार पारी वितरण गर्नेछ । यो निर्देशन पुस्तिकाहरुले यस्ता सामग्री कसरी तयार पार्ने भन्ने कुरामा निर्देशन दिनेछन् । शिक्षकहरुलाई आफैं शैक्षिक सामग्री तयार पार्न सक्ने वनाउनको लागि तालिमको व्यवस्था गरिनेछ" ।  यिनै कुरालाई दृष्टिगत गर्दै छनोटमा परेका विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग अवस्थाका बारेमा विश्लेषण गर्दा  छनोटमा परेको विद्यालय श्री उषा अंग्रेजी विद्यालयमा शैक्षिक सामग्रीहरुमा मुद्रित सामग्री विद्यार्थीलाई  लगाइएको पुस्तकवाहेक सहयोगी पुस्तक शिक्षकहरुले कम मात्रामा प्रयोग गरेको पाइयो ।

विद्यालयमा शैक्षिक सामग्रीको व्यवस्थापन पनि उचित तवरले हुन नसकेको पाइयो । सबै विषयको शिक्षक निर्देशिका कोही कतै कोही कतै छरिएको पाइयो । प्रश्नपत्र, कक्षा नोट जस्ता सामग्री प्रयोगमा ल्याउने प्रयास भएको तथ्य अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको छ । दृश्य सामग्रीमा नक्सा सुरक्षण विनाको पाइयो, चार्ट (संरक्षण, सूचीकरण) विनाका पाइयो । डिजिटल क्यामरा, फ्लाटीनवोर्ड पाइएन, इन्टरनेटको प्रयोग गर्दै आएको भन्ने उत्तरहरु अध्ययनबाट प्राप्त भएको छ ।  श्रव्य

सामाग्रीमा रेडीयो १ वटा, टेपरेकडर १ वटा भएको र कहिलेकाही प्रयोमा ल्याउने गरेको पाइयो । श्रव्य दृश्य सामग्रीहरुमा टि.भि., भिडियो जस्ता सामग्री भएको पाइयो । कप्युटर १७ वटा भएको भएको तर कम्प्युटर कक्षाकाका लागि मात्र प्रयोग हुने गरेको भन्ने उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । प्ले ग्रुपका लागि भने मण्टेश्‍री विधि अनुसारका प्रयाप्त शैक्षिक सामग्री केही मात्रामा भए पनि उपलब्ध रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ। शिक्षकले तालिम प्राप्त गरेर विद्यालयमा उचित मात्रामा सामग्री व्यवस्थापन हुन नसक्दा प्रयोग गर्नमा असहजता हुने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

संस्था छनोटमा परेको विद्यालय श्री कैलाशनगर मा.वि. मुद्रित सामग्रीहरुमा सहयोगी पुस्तक कम पाइयो । शिक्षक निर्देशिका सबै विषयको पाइएन । पशनपत्रको संकलन व्यवस्थित रुपमा पाइएन, दृश्यात्मक सामग्रीमा केही नक्सा, ग्लोव, चार्ट संरक्षण विनाको पाइयो । डिजिटल क्यमरा, फलाटिन वोर्ड नरको पाइयो । श्रव्य सामग्रीमा रेडियो १, टेपरेकडर १ रहेको पाइयो । श्रव्य दृश्य समग्रीमा कम्पूटर, टि.भि, भिडियो पाइएन । पुस्तकालयको लागि छुट्टै कोठा नभए पनि केही पुस्तक लगभग (२००) अफिस कोठामानै राखिएको पाइयो । विज्ञान प्रयोगशालामा उपकरण र केमिकलहरु केही मात्रामा भएको पाइयो । चार्ट पेरियोडिक तालिका र केही मोडेलहरु पाइयो । शिक्षकहरुले शैक्षिक सामग्रीको उचित प्रयोग गर्नका लागि अधिक मात्रामा पिरियड भार रहेको, तालिम प्राप्त भएर पनि धेरै उमेर भएका शिक्षकहरुबाट शिक्षण भएको हुँदा शैक्षिक सामग्री उचित तवरले निर्माण गरेर प्रयोग गर्नका लागि समस्या सृजना भएको भन्ने जस्ता उत्तर प्राप्त भएको छ ।

संस्था श्री अर्विट बार्डिंग स्कुलमा मुद्रित सामग्रीहरुका सहयोगी पुस्तहरु रहेको पाइयो । यस विद्यालयमा पनि साना कक्षाका लागि उचित प्रकारका शैक्षिक सामग्रीहरु व्यवस्था गरेको तथ्य अवलोकनबाट जानकारी प्राप्त भएको थियो । शिक्षक निर्देशिका सबै विषयको नभएको भन्ने उत्तरहरु अध्ययनका क्रममा प्राप्त भएको थियो । यस

विद्यालयमा विद्यार्थीका लागि ग्रिड लेखाएर अध्यापन गर्दै आएको पाइयो । प्रश्नपत्रहरुको संकलन व्यवस्थित रुपमा गरेको पाइयो । दृश्यात्मक सामग्रीहरुमा केही चार्ट, नक्सा, ग्लोव व्यवस्थित रुपमा नराखिएको अवस्थामा पाइयो । श्रव्य सामग्रीहरुमा रेडियो, टेपरेकडर पाइयो । दृश्य सामग्रीमा कम्प्युटर, टि.भि., भि.डि.यो. जस्ता समग्रीहरु विद्यालयमा भएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयमा पुस्तकालयको लागि छुट्टै कोठा भने नरहेको तथ्य अध्ययनबाट जानकारी प्राप्त भएको छ । केही पुस्तकहरु अफिसको दराजमा सिमित गरेको पाइयो । शिक्षकहरुले प्रायजसो शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गर्ने गर्नु हुन्छ भन्ने जस्ता उत्तरहरु अनुसन्धानका क्रमममा जानकारी प्राप्त भएको छ ।

छनोटमा परेको सामुदायिक विद्यालय श्री श्रीपुर मा.वि.मा मुद्रित सामग्रीहरुमा सहयोगी पुस्तक कम पाइयो । शिक्षक निर्देशिका केही विषयको मात्र पाइयो । शिक्षकको अधिक पिरियडभार, तालिम प्राप्त भएर पनि शिक्षकलाई पुनरतार्जगी तालिमको अभाव जस्ता कुराहरुले गर्दा प्रभावकारी ढंगबाट प्रयोग गर्न नसकेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयमा श्रव्य सामग्रीहरुमा एउटा टेपरेकर्डर पाइयो जसको प्रयोग शिक्षकले कहिले काँही विद्यालयमा लगेर प्रयोग गर्ने गरेको पाइयो । श्रव्यदृश्य सामग्रीमा टि.भि. भएको कम्प्युटर १५ वटा रहेको पाइयो । पुस्तकालयको लागि छुट्टै कोठा र दराज नभएको पाइयो । विज्ञान प्रयोगशालाको लागि छुट्टै कोठा नभएको पाइयो अफिसको दराजमा विज्ञानका केही सामग्री र उपकरण भएको पाइयो ।

छनोटमा परेका संस्थागत तथा सामुदायिक विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापनको अवस्थलाई हेर्दा तुलनात्मक रुपमा संस्थागत विद्यालयमा नै राम्रो रहेको तथ्य अध्ययनबाट जानकारी प्राप्त भएको छ ।

### ४.१.२ विद्यालयमा  शैक्षिक सामग्री निर्माण प्रक्रिया

छनोटमा परेका पाँचवटै विद्यालयहरुमा सबै प्रकारका स्थानीय स्रोत एवम् साधनहरुको प्रयोग गरि निर्माण एवम् संकलन गर्ने गरेको कम पाइयो । शिक्षा नियमावली (२०५९) ले स्पस्ट किटान गरी के कस्ता शैक्षिक सामग्री विद्यालय स्वयम् ले र के कस्ता शिक्षण सामग्री राज्यले निर्माण गर्ने भन्ने स्पष्टता नभए पनि केन्द्रिय तह र स्थानीय तह गरी दुई तरीकाबाट अत्यावश्यक सामग्रीको निर्माण र संकलन गर्ने गरेको पाइयो । केन्द्रिय तहबाट पाठ्यक्रममा नै  यो शिक्षण सामग्री उपयोग गर्ने भनेर किटान गरिएको छ तापनि ती सामग्री न त राज्यले न त विद्यालयले नै उपलब्ध गराएको पाइयो । केन्द्रिय तहमा पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति तालिम केन्द्र, अनौपचारीक शिक्षा केन्द्र, शिक्षा विभाग रहेको पाइयो भने स्थानिय तहमा क्षे.शि.नी.,  जि.शि.का. एवम् सम्बन्धित विद्यालय रहेको पाइयो । पाठ्यक्रम एवम् शिक्षक निर्देशिका पाठ्यसामग्री, विषयगत विशिस्टिकरण तालिका जस्ता महत्वपूर्ण कार्य गर्न केन्द्रिय तहबाट नै सक्रिय हुने गरेको पाइयो । यी केन्द्रिय तहबाट उत्पादित सामग्रीहरु निर्माणगर्न विषयगत विशेषज्ञ एवम् विज्ञ, शिक्षाप्रेमी शिक्षाविद्, राष्ट्रिय र अन्तरराष्ट्रिय सल्लाहकारहरु बीच आपसी छलफल, अर्न्तक्रिया र बैठक वा भेलाबाट हुने गरेको पाइयो । स्थानिय तवरबाट निर्माण गर्ने सामग्रीहरुमा सम्बन्धित विषयगत शिक्षक एवम् विद्यार्थीहरुको अभिरुचिमा भर पर्ने गरेको पाइयो ।

केन्द्रिय तहबाट निर्मित शैक्षिक सामग्रीहरु समयमानै उपलब्ध हुन नसकेकोले विद्यालय एवम् विद्यार्थीहरु शैक्षिक सत्रको शुरुमा अन्योलमा पर्ने गरेको पाइयो । यस अध्ययनको क्षेत्र भित्र परेका विद्यालयहरुमा छुट्टै निर्माण एवम्  संकलन कक्ष रहेको पाइएन । शैक्षिक सामग्रीको निर्माण शिक्षकको जागरुकतामा कहिले काहीं निर्माण गर्ने गरेको पाइयो । उषा अंग्रेजी विद्यालय र अर्विट अंग्रेजी विद्यालयमा केही चीत्र वनाएर बालबालिकाको कक्षामा भित्तामा टाँसेको पाइयो । विद्यार्थीहरुलाई पनि पाठसँग सम्बन्धित शैक्षिक सामग्री निर्माणका लागि प्रोत्साहन गर्दै आएको पाइयो । कुनै कुनै सामग्रीहरु प्रयोग

गरेर विद्यार्थीका अगाडी देखाउने गरेको पाइयो । जसले गर्दा विद्यार्थीहरुमा सिकाइप्रति उत्साह पैदा भएको पाइयो ।  श्री अर्विट अंग्रजी बोर्डिंग स्कुलमा विद्यार्थीले वनाएको चित्र एवम् वस्तुलाई भण्डार कोठामा राखिएको पाइयो । शिक्षकले जानेर पनि विविध धसमस्याहरु रहेका कारणले गर्दा उपयुक्त ढंगले सामग्री कक्षाकोठामा प्रयाग गर्न असहजता भएको भन्नने उत्तरहरु प्राप्त भएको थियो । श्री कैलाशनगर मा.वि. शैक्षिक सामग्री विद्यार्थी र शिक्षकले निर्माण गर्ने गरेको भए पनि प्रभावकारी ढगबाबट निर्माण हुन सकेको पाइएन  त्यसैग गरी छनोटमा परेको विद्यालाय श्री श्रीपुर मा.वि.मा केही शैक्षिक सामग्री विद्यार्थीले नै वनाएको जस्तै हाइड्रोलीक स्क्याभेटर निर्माण गरेर अफिसको दराजमाथि राखेको पाइयो ।  उषा अंग्रेजी  स्कुल र अर्विट अंग्रेजी वोर्डिंग स्कुलमा विद्यालयको नर्सरी कक्षामा विद्यार्थीहरुलाई प्रशस्त खेलका सामग्री राखेको पाइयो । सामुदायिक विद्यालय क्रमशः श्रीपुर मा.वि. र कैलाशनगर मा.वि.मा भने साना बच्चाहरुको लागि खेल्ने सामग्री कम मात्रामा भएको पाइयो ।

कुनै पनि विद्यालयमा बालबालिकाहरुलाई दिगो रुपमा सिकाइ गर्नका लागि शैक्षिक सामग्रीको भूमिका महत्वपूर्ण रहेको हुन्छ । यिनै कुरालाई दृष्टिगत गरेर छनोट परेका विद्यालयमा शिक्षकहरुले बालबालिकाहरुलाई के कसरी शैक्षिक सामग्रीको निर्माण गरी अध्यापन गर्दै आएका छन् भन्ने कुरालाई लक्षित गरी तथ्य संकलन गरिएको प्रस्तुत शोधपत्रमा शिक्षकहरुले के कसरी कक्षाकोठा भित्र शैक्षिक सामग्रीको प्रयोग गरेका छन् ? त्यसको उचित व्यवस्थापन हुन सकेको छ कि छैन भन्ने जस्ता कुराको तथ्य पत्ता लगाई विद्यालयमा प्रयाप्त शैक्षिक सामग्रीको बारेमा समेत तथ्य संकलन गरिएको छ ।

छोनटमा परेको विद्यालय श्री उषा अंग्रेजी विद्यालयलयलाई हेर्दा केही रकम लगानी गरेर बजारबाट किनेर ल्याई आवश्यक शैक्षिक सामग्रीहरुलाई विद्यार्थी सामु प्रयाग गर्दै आएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । शिक्षकहरुले कुनै कुनै सामग्री चार्ट वनाएको पाइयो । विद्यार्थीले वनाएका केही

चित्र,चार्टहरु भित्तामा टाँसेर राखेको पाइयो । पाठ्यक्रममा उल्लेखित सामग्रीहरु पर्याप्त रुपमा नभएको पाइयो । सबै कोठामा सेतो पार्टी वनाउने योजना भएको पाइयो । श्री अर्विट बोर्डिग विद्यालयमा पनि बढी मात्रामा प्रयोग हुने चार्ट, नक्सा, ग्लोव ज्यामिति बक्स, ग्राफ, क्यासेट प्लेयर वजारबाट किनेर ल्याएको पाइयो जस्ता सामग्रीको प्रयोग गर्दै आएको पाइयो ।

अध्ययनका लागि छनोटमा परेका सामुदायिक विद्यालयहरु क्रमशः कैलाशनगर मा.वि. र श्री श्रीपुर मा.वि. मा पनि अत्यावश्यक केही चार्ट, नक्सा, ग्लोव, मोडल, क्यासेट प्लेयर, ग्राफ बोर्ड जस्ता सामग्री विद्यालयको स्रोतबाट खरिद गरेको पाइयो । ती सामग्रीहरु पर्याप्त नभएको हुँदा उचित प्रयोगका लागि असहजता भएको पाइयो । विद्यालयमा प्रश्नपत्र संगालो व्यवस्थित रुपमा राख्ने गरेको पाइएन । केही जागरुक शिक्षकहरुले केही सामग्री जस्तै शव्वपत्ती,चार्ट वनाएको पाइयो जसलाई संरक्षण र संवर्द्धनको अभाव भएको पाइयो ।

### ४.१.३ शैक्षिक सामग्री भण्डारण र शिक्षणमा त्यसको प्रयोगको अवस्था

छनोटमा परेका सबै विद्यालयमा सेतो पाटीको प्रयोग हुँदै आएको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । सबै विद्यालयमा कक्षाकोठामा २ लाइनमा विद्यार्थहरुलाई राख्दै आएको पाइयो । सेतोपाटी प्रयोगलाई व्यवस्थित वनाउन शिक्षक ड्यासको निर्माण छनोटमा परेका ३ वटा विद्यालयमा मात्र गरिएको पाइयो ।

मानव शरिरको ५ वटा ज्ञानेन्द्रिय मध्ये सबैभन्दा शक्तिसाली अंग आँखाहो । शिक्षण प्रक्रियामा जे जति सामग्री प्रयोग गरिन्छ जुन तरिका अपनाइन्छ जसले जे सिकिन्छ वा सिकाइन्छ ती सबै आँखाले देखेर मात्र सम्भव हुन्छ । शिक्षा विद् Cobun (1993) को अनुसन्धानबाट के थाहा लागेको छ भने सिकाइलाई माध्य नजर गर्दा विद्यार्थीको ८३ प्रतिशत सिकाइ हुन्छ भने ११ प्रतिशत सिकाइ सुनेर हुने गर्दछ, ३.५ प्रतिशत सिकाइ सुँघेर हुने गर्दछ । १.५ सिकाइ छोएर हुने गर्दछ भने १ प्रतिशत सिकाइ स्वाद लिएर

हुने गर्दछ, (काफ्ले,२०६१:१३४) । यसरी श्रब्यदृश्य सामग्रीको संयुक्त प्रयोग र विद्यार्थीको सहभागिता बढाउने गरिएको शिक्षण सिकाई कार्य अविस्मरणीय हुन्छ ।

शैक्षिक सामग्रीको आवश्यकतालाई कमेनियस, रुसो, फ्रोवेल र पोस्तालोजी जस्ता विद्वानहरुले पनि जोड दिएका छन् । उनीहरुले प्रत्यक्ष देखेर, गरेर, भोगेर लिएको ज्ञान नै स्थायी हुने कुरामा विश्वास राख्दछन् । यसै सन्दर्भमा एउटा चिनीया उखान छ । जब मैले सुन्छ म बिर्सन्छु, जब मैले देख्छु म सम्झन्छु, जब मैले गर्छु म बुझ्दछु, (काफ्ले, २०६१:१३४) सुनेको, देखेको भन्दा गरेर सिकेका कुरा प्रभावकारी हुने हुनाले विद्यार्थी केन्द्रित शिक्षण विधि बढी उपयुक्त हुन्छ ।

सबै विद्यालयमा शैक्षिक सामग्री को एकदम कम प्रयोग भएपनि, शैक्षिक सामाग्रीको प्रयोग प्रदर्शन विधिबाट हुने कुरा सम्बन्धित शिक्षक शिक्षिकाहरुले बताएको पाइयो । कुनै कुनै शैक्षिक सामग्री मात्र विद्यार्थीको सहभागीतामा सञ्चालन गर्नेपरिपाटी मिलाइएको रहेछ । शैक्षिक सामग्री प्रयोगको अवस्थलाई हेर्दा उषा अंग्रेजी स्कुल र अर्विट अंग्रेजी बोर्डग स्कुलमा तुलनात्मक रुपमा राम्रो रहेको तथ्य प्राप्त भएकोछ ।

त्यसैगरी कमेनियसका अनुसार तस्बिर भएका पुस्तकको प्रयोग गरेमा शिक्षण प्रभावकारी हुन्छ ( काफ्ले, २०६१:१३५) । चीत्रहरुको प्रयोग गर्दा सामान्य चीत्र भन्दा रंगीन चीत्र र आकर्षक ठूलो चीत्र प्रभावकारी हुने कुरा हरेक विद्यालयका शिक्षक शिक्षिकाहरुबाट हुने गरेको पाइयो । जसको लागि शैक्षिक सामग्री जुटाउनको लागि शिक्षकको सक्रियता भएको भने पाइएन । शोधकर्तालाई उनीहरुको आवश्यकता नै परिपूर्ती नभएर हो भन्ने लागेको छ । यसमा सम्बन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । कक्षा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गरेर शिक्षण गरेमा शिक्षण प्रभावकारी हुने, शिक्षण दिगो र स्थायी हुने, रोचकता बढ्ने कुरा निर्विवाद छ तर उत्प्रेरणा, लगनशीलता, जागरुकता बढाउन दण्ड र पुरस्कारको व्यवस्था नगरेकोले पनि त्यस्तो भएको तथ्य प्राप्त भएको छ ।

छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको अध्ययन अनुसार प्रस्तुत अनुसन्धान कार्यलाई मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार तुलना गरेर अध्ययन अनुसन्धान गरिएको छ । माास्लोको सिद्धान्त जसरी प्रस्तुत शोध कार्यमा पनि  शैक्षिक सामग्रीको उपयुक्त प्रयोगबाट बालबालिकाका आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्दै बालबालिकामा सन्तुष्टि प्रदान गर्दै अध्यापन गर्नका लागि सहज हुने भन्ने जस्ता अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोगको तुलनात्मक अवस्थालाई विश्लेषण गर्दा संस्थागत विद्यालयमा नै राम्रो रहेको र साथै उपयुक्त ढंगले शैक्षिक सामग्री प्रयोग गरेर अध्यापन गरिएका विद्यालयमा बालबालिकाहरु शिक्षाप्रति अभिप्रेरित भएको भन्ने जस्ता उत्तर समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको हुँदा प्रस्तुत शोधपत्र र सैद्धान्तिक खाका मिल्दो जुल्दो रहेको देखिन्छ ।

## ४.२ सामुदायिक तथा संस्थागत विद्यालायमा शैक्षिक सामग्रीको प्रभाव पार्ने तत्वहरु

विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग प्रभावकारी ढंगबाट गर्नका लागि के कस्ता तत्वहरुले प्रभाव पारेको हुन्छ भन्ने सन्दर्भमा गरिएको छलफल तथा अन्तरक्रिया अनुसार निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.२.१ शिक्षकको कार्य दक्षता

प्रस्तुत शोधपत्रमा छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक सामग्रीको प्रभावकारी ढंगबाट प्रयोग गर्नका लागि के कस्ता तत्वले प्रभाव पारेको हुन्छ भनी गरिएको छलफल तथा अन्तरक्रिया अनुसार शिक्षकको कार्यदक्षताले शैक्षिक सामग्रीको प्रयोगमा समस्या सृजना भएको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा भएको प्रोजेक्टर, कम्प्युटर

जस्ता श्रव्य दृश्य सामग्रीहरु पनि शिक्षकरुले चलाउन नसक्दा अर्थहीन रहेको भन्ने उत्तरहरु छनोटमा परेका विद्यालयका प्र.अ. तथा विद्यार्थीहरुबाट जानकारी प्राप्त भएको थियो । छनोटमा परेका विद्यालय मध्ये २ वटा विद्यालयमा शिक्षकको कार्यदक्षताले गर्दा भएका शैक्षिक सामग्रीलाई प्रयोगमा ल्याउान नसकेको भन्ने तथ्य समेत प्राप्त भएको थियो ।

### ४.२.२. आर्थिक अवस्था

कुनै पनि शैक्षिक सामग्री प्रयोग गर्नका लागि विद्यालयको आर्थिक अवस्थाले अपरिहार्य भूमिका निर्वाह गरेको हुन्छ । विद्यार्थीहरुको स्तर अनुसार विभिन्न किसिमका श्रव्य दृश्यात्मक शैक्षिक सामग्रीहरु खरिद गरेर अध्यापन गराउनका लागि शिक्षाकार्यलयबाट शैक्षिक सामग्री खरिदको लागि दिने रकम अति न्यून रहेको र विद्यालयले आफैले गरिद गरेर ल्याउनका लागि आर्थिक अवस्था न्यून रहेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका प्र.अ.सँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो । शैक्षिक सामग्रीहरु खरिद गर्नका लागि महंगा हुनुका साथै खरिद गरिसके पछि पनि समय समयमा मर्मत संहार गर्नु पर्ने हुने हुँदा यसका लागि आवश्यक रकम छुट्याउनु आवश्यक रहेको हुन्छ । विद्यालयको आर्थिक अवस्था सुधार हुन नसकेका कारण शैक्षिक सामग्री प्रयोग गर्न नसकिएको भन्ने तथ्यहरु अध्ययनका क्रममा प्राप्त भएको थियो ।

### ४.२.३ परम्परागत धारणा

शिक्षक, विद्यार्थी, अभिभावकहरुमा परम्परागत शैलीलाई नै अवलम्बन गर्ने धारणाले गर्दा विद्यालयमा शैाीक सागम्रीको प्रयोग प्रभावकारी हुन नसकेको भन्ने तथ्य प्राप्त भएको छ । जब शिक्षकले मार्कर र डस्टरमा नै रमाएर पढ्न चाहन्छन भने त्यहाँ

शैक्षिक सामग्रीको प्रयोग चाहेर पनि प्रभावकारी हुन सक्दैन भन्ने उत्तरहरु अध्ययनबाट प्राप्त भएको छ ।

मास्लोको अभिप्रेरणाको सिद्धान्तलाई आधार मानेर तयार गरिएको पस्तुत शोधपत्रमा अध्ययनको दोस्रो उद्देश्य सिद्धान्तसँग मिल्दोजुल्दो नै रहेको छ । अध्ययन कार्यबाट प्राप्त भएको तथ्य अनुसार शिक्षक तथा विद्यार्थीमा जनचेतना, आर्थिक अवस्था जस्ता विविध तत्वहरुले गर्दा शैक्षिक सामग्रीको प्रयोगमा प्रभाव पारेको भन्ने जस्ता उत्तरहरु प्राप्त भएको थियो ।

### ४.३ सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा परेको प्रभाव

शिक्षण सिकाइलाई अर्थपूर्ण बनाउन वर्णनबाट मात्र सम्भव नहुने हुँदा उपयुक्त शैक्षिक सामग्रीहरुको प्रयोगको आवश्यकता पर्दछ । शैक्षिक सामग्रीमा पनि श्रव्य तथा दृश्यात्मक सामग्रीको प्रयोगबाट अध्यापन गराउन सकेमा सिकारुलाई विशेष रुचि पैदा गर्ने र स्थायीत्व हुने भएकाले स्थानीय शैक्षिक सामग्रीको प्रयोग आवश्यक छ । विविध शैक्षिक सामग्रीको प्रयोगबाट विषयववस्तु प्रतिको धारणा प्रष्ट पार्न सकिन्छ । शिक्षण रोचक हुने, कम समयमा सिकाउन सकिने, विद्यार्थीमा चाख बढ्ने, सृजनशीलता तथा सिकाउन सकिने तथा उत्सुकता बढ्ने भएकाले शिक्षकले शिक्षण तथा गर्दा विविध सामग्री प्रयोग गर्नु आवश्यक रहन्छ । श्रव्य तथा दृश्यात्मक सामग्रीको प्रयोग गर्दा बालबालिकाहरुको चौतर्फी विकास क्षेत्रमा उल्लेखनीय रुपमा प्रभाव परेको तथ्य शिक्षक, अभिभावक, विद्यालय व्यवस्थपन समितिका अध्यक्ष, प्राध्यापक, स्रोत व्यक्तिबाट जानकारी प्राप्त भएको थियो । प्रस्तुत शोध अध्ययनका क्रममा सामुदायिक तथा संस्थागगत विद्यालयमा शैक्षिक

सामग्रीको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा परेको प्रभावलाई निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.३.१ बालबालिकाको रुचिमा प्रभाव

अनुसन्धानको क्रममा प्रत्यक्ष अवलोकन गर्दा उषा अंग्रेजी स्कुलका बच्चाहरुले मिस आज चित्र बनाउने भन्दै सबैले एकै साथ भनेको कुरा र उत्सुकतापूर्वक चित्र बनाउँदै मिसलई देखाउँदै गरेको चित्रबाट पनि प्रष्टिन्छ । त्यसै गरी माथिल्लो तहका बालबालिकाहरुले पनि शिक्षकले विविध सामग्रीको प्रयोग गरेर अध्यापन गराउँदा किताको प्रयोग गरेर अध्यापन गराउँदा भन्दा अझ बढी रुचि देखाएर अध्ययन गर्ने गरेको तथ्य छनोटमा परेका संस्थागत एवम् सामुदायिक विद्यायका शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । शिक्षकले  शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गर्दा बालबालिकाहरुले कसले बनाएको यसले के काम गर्दछ भन्ने जस्ता विविध प्रश्नहरु गरी बडो उत्साह पूर्वक ढंगबाट अध्ययन गर्ने गरेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयकाशिक्षक तथा प्र.अबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.२ सिकाइ उपलब्धि वृद्धिमा सहयोग

सामुदायिक तथा संस्थागत दुवै विद्यालयमा आवश्यक शैक्षिक सामग्रीको प्रयोग गर्दा बालबालिकाहरुको शैक्षिक उपलब्धि विकासमा थप सहयोग पुग्ने गरेको तथ्य छनोटमा परेका विद्यालयमा गरिएको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको छ । शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गर्दा उनीहरुले प्रष्ट रुपमा बुझ्ने गरेको जसले गर्दा परीक्षामा लेख्नका लागि सहज हुने गरेको भन्ने जस्ता तथ्यहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिमा के कस्तो

सहयोग पुगेको पाउनु भएको छ भन्ने सन्दर्भमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक तथा विद्यार्थीसँग गरिएको अन्तरक्रिया एवम् अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्राप्त तथ्य अनुसार विद्यालयमा शिक्षकले अध्यापन गर्दा घोकाउने कण्ठ गर्ने विधिको प्रयोग गरेर शिक्षण गर्दा सिकाइ कहिल्यै पनि प्रभावकारी हुन नसक्ने जसले गर्दा विविध शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गराउनु आवश्यक रहेको पाइयो । त्यसमा पनि श्रव्य दृश्यात्मक सामग्रीको प्रयोग गर्दा आफूहरुले प्रत्यक्ष देख्न पाउनुका साथै प्रयोग गरेर हेर्न समेत पाउने हुनाले सिकाइ क्रियाकलापलाई दिगो बनाइ शैक्षिक उपलब्धि वृद्धिमा थप सहयोग पुग्ने गरेको तथ्य प्राप्त भएको छ ।

### ४.३.३ शिक्षक विद्यार्थी बिचको सुमधुर सम्बन्ध कायम

विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगले पार्ने प्रभावको बारेमा गरिएको अध्ययन अनुसन्धान अनुसार विविध शैक्षिक सामग्रीका माध्यमबाट शिक्षकले शिक्षण गर्दा विद्यार्थीहरुले पूर्णरुपमा बुझ्नुका साथै हल्ला गर्ने नबुझ्ने जस्ता समस्याहरुको न्यूनीकरण हुने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा शिक्षक तथा प्र.अ. सँग गरिएको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । यसरी लगनशील भएर बालबालिकाहरुले अध्यापन गर्दा शिक्षकलाई पनि आफ्नो पेशाप्रति दत्तचित्त भएर लाग्नका लागि सहयोग पुग्नुका साथै विद्यार्थीप्रतिको जिम्मेवारी बढीमात्रामा बढ्दै जाने गरेको भन्ने उत्तरहरु शिक्षकहरुसँगको अन्तरवार्ता एवम् प्रश्नावलीबाट जानकारी प्राप्त भएको छ ।

### ४.३.४ विद्यार्थीको सृजनाशीलतामा प्रभाव

बालबालिकाहरुको आन्तरिक क्षमताको प्रस्फुटन गर्ने र आफै गरेर सिक्ने बानीको विकास गर्न उपयुक्त शैक्षिक सामग्रीको प्रभावकारी भूमिका रहन्छ । छनोटमा परेका विद्यालयमा शैक्षिक सामग्रीहरुले विद्यार्थीको सृजनशीलतामा के कस्तो प्रभाव पारेको छ भन्ने सन्दर्भमा छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकसँग गरिएको छलफल तथा अन्तरक्रिाय अनुसार शैक्षिक सामग्रीको माध्यमबाट बालबालिकाको सृजनात्मक भावनाको विकास गराउन सकिन्छ भन्ने तथ्य छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयका प्र.अ.सँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । विभिन्न सामग्रीहरुको प्रयो गरेर विद्यार्थीहरुलाई वास्तविकताको अनुभूति गराउँदा भोलिका दिनमा आफूले पनि केही गर्नु पर्दछ भन्ने धारणाको विकास हुने गरेको भन्ने जस्ता तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

### ४.३.५ विद्यार्थीमा सकारात्मक भावनाको विकास गराउन सहजता

छनोटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त तथ्य अनुसार शैक्षिक सामग्रीको प्रयोग गरेर बालबालिकाहरुलाई अध्यापन गराउँदा बालबालिकाहरुमा सकरात्मक सोचको वृद्धि हुने गरेको । आफूहरुले पढेर भोलिका दिनमा केही गर्नु पर्दछ भन्ने लक्ष्य राख्ने गरेको भन्ने जस्ता तथ्यहरु समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । अध्ययनका क्रममा विद्यार्थीहरुसँग सोधिएको छलफल तथा अन्तरक्रिया अनुसार सामाजिक विज्ञान विषय पढाउने शिक्षकले विविभिन्न दृश्यात्मक शैक्षिक सामग्रीहरुको प्रयोग गरेर अध्यापन गराउनुका साथै आफूले मोबाइलामा डाउनलोड गरेर ल्याएर कक्षामा सनाउँदा पढ्ने भावनाको विकास हुनुका साथै सरको पढाउने शैली पनि नितान्त व्यवहारिक भएको हुँदा पढ्न मन लाग्ने गणित तथा जनसंख्या पढाउने शिक्षकले जहिले पनि आएर किताब पल्टाउन लगाउँदा पढाइ प्रति आफूहरुलाई रुचि नै नहुनुका साथै शिक्षक देख्दै रिस उठ्ने गरेको भन्ने जस्ता

उत्तरहरु समेत छनोटमा परेका विद्यालयबाट प्राप्त भएको थियो । पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको प्रयोग गरेर विद्यालयमा गरिने शिक्षणले विद्यार्थीमा सकरात्मक दृष्टिकोणको सृजना हुनका साथै शिक्षकप्रति हेर्ने भावना समेत सकरात्मक हुने गरेको भन्ने उत्तरहरु सामुदायिक तथा संस्थागत ४ वटै विद्यालयबाट जानकारी प्राप्त भएको छ ।

मास्लोको अभिप्रेरणाको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा अध्ययनको तेस्रो उद्देश्यलाई विश्लेषण गर्दा कुनै पनि  व्यवहारिक तवरले सिकाउँदा सिकाइ उपलब्धि पनि वृद्धि हुने गरेको भन्ने जस्ता तथ्यहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । साथै विद्यार्थीलाई भोलिका दिनमा आफूले पनि केही गर्नु पर्दछ भन्ने भावनाको विकास भई दिगो सिकाइ गर्नका शैक्षिक सामग्रीले प्रभावकारी भूमिका निर्वाह गर्ने गरेको पाइयो ।

## ४.४. सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगमा देखिएका कमी कमजोरी तथा निराकरणका उपायहरु

छनोटमा परेको विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गराउनका लागि के कस्ता समस्याहरु रहेका छन् र तिनीहरुको के कसरी निराकरण गर्न सकिन्छ भन्ने सन्दर्भमा छनोटमा परेका विद्यालयमा अनसुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर गरिएको छलफल अन्तरक्रिया तथा अनुसूचीमा उल्लेखित प्रश्नावलीका आधारमा प्राप्त तथ्य अनुसार प्राप्त भएका तथ्यहरुलाई निम्नानुसारका उपशीर्षकमा विश्लेषण गरिएको छ :

### ४.४.१ शिक्षकको कार्य दक्षतामा सुधार

प्रस्तुत शोधपत्रमा छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक सामग्रीको प्रभावकारी ढंगबाट प्रयोग गर्नका लागि के कस्ता समस्याहरु रहेका छन् भन्ने बारेमा छलफल तथा अन्तरक्रिया गरिएको थियो । जसबाट प्राप्त तथ्य अनुसार शिक्षकको कार्यदक्षताले शैक्षिक सामग्रीको प्रयोगमा समस्या सृजना भएको भन्ने

जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा भएको प्रोजेक्टर, कम्प्युटर जस्ता श्रव्य दृश्य सामग्रीहरु पनि शिक्षकरुले चलाउन नसक्दा अर्थहीन रहेको भन्ने उत्तरहरु छनोटमा परेका विद्यालयका प्र.अ. तथा विद्यार्थीहरुबाट जानकारी प्राप्त भएको थियो । छनोटमा परेका विद्यालय मध्ये २ वटा विद्यालयमा शिक्षकको कार्यदक्षताले गर्दा भएका शैक्षिक सामग्रीलाई प्रयोगमा ल्याउन नसकेको भन्ने तथ्य प्राप्त भएको भएको हुँदा शिक्षकलाई पर्याप्त मात्रामा तालिमको व्यवस्था गरेर उनीहरुको कार्यदक्षतालाई अभिवृद्धि गर्न सकेका खण्डमा भोलिका दिनमा विद्यालयमा अध्यापन गर्दा शैक्षिक सामग्रीको प्रयोगलाई प्रभावकारी बनाएर अध्यापन गर्नका लागि सहजता हुने तथ्य प्राप्त भएको छ ।

### ४.४.२. विद्यालयको आर्थिक अवस्थामा सुधार

कुनै पनि शैक्षिक सामग्री प्रयोग गर्नका लागि विद्यालयको आर्थिक अवस्थाले अपरिहार्य भूमिका निर्वाह गरेको हुन्छ । विद्यार्थीहरुको स्तर अनुसार विभिन्न किसिमका श्रव्य दृश्यात्मक शैक्षिक सामग्रीहरु खरिद गरेर अध्यापन गराउनका लागि शिक्षाकार्यालयबाट शैक्षिक सामग्री खरिदको लागि दिने रकम अति न्यून रहेको र विद्यालयले आफैले गरिद गरेर ल्याउनका लागि आर्थिक अवस्था न्यून रहेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका प्र.अ.सँगको अन्तरवार्ताबाट जानकारी प्राप्त भएको थियो । शैक्षिक सामग्रीहरु खरिद गर्नका लागि महंगा हुनुका साथै खरिद गरिसके पछि पनि समय समयमा मर्मत संहार गर्नु पर्ने हुने हुँदा यसका लागि आवश्यक रकम छुट्याउनु आवश्यक रहेको हुन्छ । विद्यालयको आर्थिक अवस्था सुधार हुन नसकेका कारण शैक्षिक सामग्री प्रयोग गर्न नसकिएको भन्ने तथ्यहरु अध्ययनका क्रममा प्राप्त हुनुका साथै भोलिका दिनमा विद्यालयले विभिन्न देउसी भैलो तथा अन्य आर्थिक संकलनका कार्यक्रमहरु गरेर आर्थिक सहयोग जुटाइ विद्यालयको आर्थिक अवस्था सुधार गर्न सकेका खण्डमा आवश्यक श्रव्य दृश्य सामग्री

खरिदका लागि सहजता भई आधारभूत तहमा शिक्षण गर्दा प्रभावकारी ढंगबाट शैक्षिक सामग्रीको प्रयोग गर्न सकिने तथ्य प्राप्त भएको थियो ।

### ४.४.३ अभिभावकलाई शिक्षाप्रति जनचेतना जगाउनु पर्ने

विद्यालयमा बालबालिकाहरुलाई के कसरी शिक्षण गर्ने भन्ने सन्दर्भमा समय सयमा अभिभावकहरुलाई पत्रचार गरेर बोलाउने गरेको । यसरी बोलाउँदा अभिभावक हरु आफ्नो कार्यव्यस्तता देखाएर उपस्थित नहुने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । आफ्ना बाबु नानीहरुलाई के कसरी अध्यापन गराउँदा राम्रो हुन्छ ? भोलिका दिनमा के कस्ता शैक्षिक सामग्रीहरु प्रयोग गरेर अध्यापन गर्न सकेका खण्डमा सिकाइ दिगो हुन सक्दछ भन्ने सन्दर्भमा समय सयमा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम गर्ने गर्नु भएको छ ? भनेर छनोटमा परेका विद्यालयका अभिभावकहरुसँग गरिएको अन्तरवार्ता प्रश्नावली अनुसा ४५ प्रतिशत भन्दा बढी अभिभावकहरुले विद्यालयमा बालबालिकालाई अध्यापन गर्न पठाइ सकेपछि के कसरी अध्यापन गराउने भन्ने जिम्मा शिक्षकहरुको नै हो भन्ने धारणाहरु अभिभावकहरुबाट प्राप्त भएको हुँदा सर्वप्रथम शैक्षिक सामग्री तथा शैक्षिक उपलब्धिका सम्बन्धमा अभिभावकहरुलाई सचेत गराएर उनीहरुलाई शिक्षाको आवश्यकता र महत्वका बारेमा विश्लेषण गरी बुझाउन सकेको खण्डमा भोलिका दिनमा आफ्ना बाबु नानीहरुलाई के कसरी अध्यापन गर्ने के कस्ता सामग्रीको प्रयोग गर्दा सहज हुन्छ भन्ने बारेमा जानकारी प्राप्त भई शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गर्न सहजता हुने तथ्य प्राप्त भएको छ ।

### ४.४.४ शिक्षकलाई पिरियडभार कम गर्नु पर्ने

कुनै पनि शिक्षकले प्रभावकारी ढंगबाट अध्यापन गराउनका लागि शिक्षकको पिरियडभारले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयमा शैक्षिक सामग्रीको प्रभावकारी ढंगबाट प्रयोग गर्नका लागि के कस्ता समस्याहरु रहेका छन् भन्ने बारेमा छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी अभिभावक तथा विद्यालय व्यवस्थापन

समितिका अध्यक्षसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त तथ्य अनुसार छनोटमा परेका ४ वटा  विद्यालय मध्ये २ वटा अर्थात ५० प्रतिशत विद्यालयमा शिक्षकको पिरिडभार २८ देखि  ३६ सम्म रहेको पाइयो भने २ वटा विद्यालय अर्थात ५० प्रतिशत विद्यालयमा २५ देखि ३२ सम्म पिरिड भार रहेको पाइयो यसरी हरेक दिन ६ देखि ७ पिरिडसम्म शिक्षकले अध्यापन गर्नु पर्ने बाध्यात्मक अवस्थाले गर्दा विद्यार्थीहरुलाई अध्यापन गर्नका लागि विभिन्न स्लाइडहरु बनाएर प्रस्तुत गर्न, इमेल इन्टरनेटबाट सामग्री खोज्न तथा अन्य सामग्री  निर्माण गर्नमा असहजता भएको भन्ने उत्तरहरु शिक्षकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट जानकारी प्राप्त भएको हुनुका साथै भोलिका दिनमा विद्यालयले पिरियडभार कम गरेर केही समय तयारी गर्ने व्यवस्था मिलाई दिन सकेका खण्डमा उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गराउनका लागि सहजता हुनुका साथै आधारभूत तहमा उपयुक्त ढंगबाट शैक्षिक सामग्रीको प्रयोग गर्नका लागि सहजता हुने तथ्य प्राप्त भएको छ ।

मास्लोको अभिप्रेरणाको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा शोकार्यको तेस्रो उद्देश्यबाट प्राप्त तथ्यलाई विश्लेषण गर्दा भोलिका दिनमा शैक्षिक सामग्रीलाई प्रभावकारी ढंगबाट प्रयोग गर्नका लागि अभिभावकलाई शिक्षा दिनु पर्ने, भौतिक व्यवस्थापनमा जोड दिनु पर्ने तथा विद्यालयको आर्थिक अवस्था सुधार गर्नु पर्ने तथ्यहरु प्राप्त भएको छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

कुनै पनि खोज अनुसन्धान भनेको आफैमा गहन विषय हो । निश्चित उद्देश्यलाई लिएर गरिएको अनुसन्धान कार्यलाई उद्देश्य अनुसार मूर्तरुप प्रदान गर्नका लागि आजभन्दा अगाडि गरिएका अध्ययन अनुसन्धानलाई साहित्यको पुनरावलोकनको रुपमा अध्ययन गर्नुका साथै मास्लोको अभिप्रेरणाको सिद्धान्तमा आधारित रहेर सम्भावना रहित नमुना छनोट विधिको आधारमा तथ्याङ्क संकलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोगगरी प्राप्त तथ्याङ्कको गुणात्मक ढाँचाबाट व्याख्या एवम् विश्लेषण समेत गरिएको छ । जसबाट प्राप्त निचोडलाई सारांश तथा निष्कर्षका रुपमा प्रस्तुत गर्नुका साथै अनुसन्धानकर्ताले अध्ययन स्थलमा प्राप्त गरेको तथ्याङ्कहरुको अधारमा भोलिका दिनहरुमा शैक्षिक सामग्रीलाई के कसरी प्रभावकारी ढंगले पप्रयोग गर्न सकिन्छ भन्ने कुरालाई सुझावस्वरुप प्रस्तुत गर्ने कार्य यस परिच्छेदमा गरिएको छ ।

## ५.२ निष्कर्ष

कुनै पनि विद्यालयमा बालबालिकाहरुलाई दिगो रुपमा सिकाइ गर्नका लागि शैक्षिक सामग्रीको भूमिका महत्वपूर्ण रहेको हुन्छ । यिनै कुरालाई दृष्टिगत गरेर छनोट परेका विद्यालयमा शिक्षकहरुले बालबालिकाहरुलाई के कसरी शैक्षिक सामग्रीको निर्माण गरी अध्यापन गर्दै आएका छन् भन्ने कुरालाई लक्षित गरी तथ्य संकलन गरिएको प्रस्तुत शोधपत्रमा शिक्षकहरुले के कसरी कक्षाकोठा भित्र शैक्षिक सामग्रीको प्रयोग गरेका छन् ? त्यसको उचित व्यवस्थापन हुन सकेको छ कि छैन भन्ने जस्ता कुराको तथ्य पत्ता लगाई विद्यालयमा प्रयाप्त शैक्षिक सामग्रीको बारेमा समेत तथ्य संकलन गरिएको छ ।

छोटमा परेको विद्यालय श्री उषा अंग्रेजी विद्यालयलयलाई हेर्दा केही रकम लगानी गरेर बजारबाट किनेर ल्याई आवश्यक शैक्षिक सामग्रीहरुलाई विद्यार्थी सामु प्रयाग गर्दै आएको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । शिक्षकहरुले कुनै कुनै सामग्री चार्ट वनाएको पाइयो । विद्यार्थीले वनाएका केही चित्र,चार्टहरु भित्तामा टाँसेर राखेको पाइयो । पाठ्यक्रममा उल्लेखित सामग्रीहरु पर्याप्त रुपमा नभएको पाइयो । सबै कोठामा सेतो पार्टी  वनाउने यजना भएको पाइयो ।  श्री अर्विट बोर्डिग विद्यालयमा पनि बढी मात्रामा प्रयोग हुने चार्ट, नक्सा, ग्लोव ज्यामिति बक्स, ग्राफ,  क्यासेट प्लेयर वजारबाट किनेर ल्याएको पाइयो जस्ता सामग्रीको प्रयोग गर्दै आएको पाइयो ।  अध्ययनका लागि छनोटमा परेका सामुदायिक विद्यालयहरु क्रमशः कैलाशनगर मा.वि. र श्री श्रीपुर मा.वि. मा पनि अत्यावश्यक केही चार्ट, नक्सा, ग्लोव, मोडल, क्यासेट प्लेयर, ग्राफ बोर्ड जस्ता सामग्री विद्यालयको स्रोतबाट खरिद गरेको पाइयो । ती सामग्रीहरु पर्याप्त नभएको हुँदा उचित प्रयोगका लागि असहजता भएको पाइयो । विद्यालयमा प्रश्नपत्र संगालो व्यवस्थित रुपमा राख्ने गरेको पाइएन । केही जागरुक शिक्षकहरुले केही सामग्री जस्तै शब्वपत्ती,चार्ट वनाएको पाइयो जसलाई संरक्षण र संवर्द्धनको अभाव भएको पाइयो ।

छनोटमा परेका विद्यालयमा पनि विद्यार्थीहरुलाई स्थानीय स्तर तथा बजारबाट खरिद गरेर भए पनि विविध शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गराउनु पर्दछ भन्ने धारणा शिक्षकहरुको रहेको तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । सामुदायिक तथा संस्थागत दुवै विद्यालयमा शेक्षिक सामग्रीको प्रयोगको अवस्थलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा नै राम्रो भएको भन्ने उत्तरहरु अध्यनका क्रममा जानकारी प्राप्त भएको छ ।

नमुना छनोटमा रहेका ४ ओटै विद्यालयहरुमा सबै प्रकारका स्थानीय स्रोत एवम् साधनहरुको निर्माण गरी प्रयोग एवम् संकलन गरेको कम पाइयो । प्रस्तुत शोधपत्रमा अध्ययनको दोस्रो उद्देश्यलाई विश्लेषण गर्दा कुनै पनि बालबालिकालाई व्यवहारिक तवरले सिकाउँदा सिकाइ उपलब्धि पनि वृद्धि हुने गरेको भन्ने जस्ता तथ्यहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ । साथै विद्यार्थीलाई भोलिका दिनमा आफूले पनि केही गर्नु पर्दछ भन्ने भावनाको विकास भई दिगो सिकाइ गर्नका लागि पनि शैक्षिक सामग्रीले प्रभावकारी भूमिका निर्वाह गर्ने गरेको पाइयो ।

छनोटमापरेका विद्यालयमा प्राप्त तथ्य अनुसार अध्यापन गराउनु आवश्यक रहेको तथ्य विश्लेषण गरिएको भए पनि विद्यालयको भौतिक व्यवस्थापन, शिक्षकको दक्षतामा कमी, शिक्षक विद्यार्थी तथा अभिभावक बिचको जनचेतनाको अभाव जस्ता विविध पक्षले गर्दा उपयुक्त ढंगले शैक्षिक सामग्रीको प्रयोग गरेर खेल विधिको माध्यमबाट बालबालिकाहरुलाई सिकाउनका लागि असहजता भएको पाइयो । कुनै पनि विषय अध्यापन गर्नका लागि आवश्यक शैक्षिक सामग्री छनोट गरेर सोही अनुसार अध्यापन गर्नका लागि शिक्षले तयारी गर्नु पर्दछ जसका लागि शिक्षकको पिरियडभार कम गर्नु आवश्यक रहन्छ । अधिक पिरियडभार भएको हुँदा शिक्षकले चाहेर पनि शैक्षिक सामग्रीको उपयोग गरेर अध्यापन गर्न नसकेको भन्ने जस्ता उत्तरहरु छनोटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक एवम् वि.व्य.स. अध्यक्षबाट जानकारी प्राप्त भएको थियो साथै यस शोधपत्रमा देखिएका समस्याहरुलाई के कसरी न्यूनकरण गर्ने भन्ने सन्दर्भमा सम्बन्धित पक्षले उचित कदम चाल्न सकेको खण्डमा प्रभावकारी ढंगबाट शैक्षिक सामग्रीको प्रयोग गरी अध्यापन गर्नका लागि सहजता हुने जानकारी प्राप्त भएको छ ।

## ५.२ सुझावहरु

सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गराउनका लागि के  अध्ययनका क्रममा देखिएका कमी कमजोरीलाई के कसरी न्यूनी करण गर्न सकिन्छ भन्ने सन्दर्भमा निम्नानुसारका सुझाव प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

विद्यालयमा अध्यापन गराउने शिक्षक दक्ष नभइ कन विद्यार्थीहरुलाई उचित शिक्षा प्रदान गर्न नसक्ने र विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धि नहुने हुँदा भोलिका दिनमा शैक्षिक सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउनका लागि नीति सरकारी तवरबाटै तालिमको व्यवस्था गर्ने नीति तय गर्नु आवश्यक देखिन्छ । शिक्षा शाखाबाट शैक्षिक सामग्रीको प्रयोगका लागि विद्यालयमा प्रोत्साहन गर्ने,शिक्षकलाई तालिम तथा थप सेवा सुविधाको व्यवस्था दिने शिक्षक भेला गराई शिक्षा प्रति सचेतना गराउने कार्यक्रम गरेको खण्डमा विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग प्रभावकारी बनाउन सहयोग पुग्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग गरी अध्यापन गराउँदा के कस्ता समस्या रहेका छन् भन्ने जस्ता कुराहरुको बारेमा महानगर अन्तर्गत शिक्षा शाखाबाट समय समयमा विद्यालयमा उपस्थित भएर छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम गर्नुका साथै विद्यालय प्र.अ एवम् व्यवस्थापन समितिका अध्यक्षबाट पनि समय समयमा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रमको व्यवस्था गरी शैक्षिक सामग्रीको बारेमा जानकारी प्रादान गर्न सकेका खण्डमा भोलिका शैक्षिक सामग्रीको प्रयोगमा थप सहयोग पुग्ने देखिन्छ

### ५.२.३ अनुसन्धान तह

भावि अनुसन्धानकर्ताले सामुदायिक तथा संस्थागत विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापनको अवस्था, शैक्षिक सामग्री व्यवस्थापनमा सरोकारवालाको धारणा,

सामुदायिक विद्यालयमा शैक्षिक सामग्री व्यवस्थापनमा देखिएका चुनौतिहरु, संस्थागत विद्यालयमा शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरु, आधारभूत तहमा शैक्षिक सामग्री प्रयोगको प्रभावकारिता, श्रव्य तथा दृश्यात्मक शैक्षिक सामग्री प्रयोग गर्नका प्र.अ.को भूमिका जस्ता विविध पक्षमा गहन अध्ययन अनुसन्धान गरी निराकरणका उपायहरु पत्ता लगाएर सुझाव प्रस्तुत गर्न सकेका खण्डमा शैक्षिक सामग्रीको प्रयोगमा थप सहयोग पुग्ने देखिन्छ ।

## सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग

## अनुसूची ६

## अवलोकन फारम

| क्र.सं. | विवरण | स्थिति | | | | प्रयोग | | | संकलन | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छ | | | छैन | | | | | |
| | | राम्रो | मध्यम | न्यून | | राम्रो | मध्यम | निम्न | स्थानिय | वाह्य |
| | मुद्रित सामग्री | | | | | | | | | |
| | क) पुस्तक | | | | | | | | | |
| | ख) पत्रपत्रिका | | | | | | | | | |
| | ग) शिक्षक निर्देशिका | | | | | | | | | |
| | घ) पाठ्यक्रम | | | | | | | | | |
| | ङ) विषय बिस्तृतिकरण | | | | | | | | | |
| | च) कक्षा नोट | | | | | | | | | |
| | छ) इमेल | | | | | | | | | |
| | दृष्य सामग्री | | | | | | | | | |
| | क) नक्सा (नेपाल,विश्व) | | | | | | | | | |
| | ख) ग्लोव | | | | | | | | | |
| | ग) चार्ट | | | | | | | | | |
| | घ) मोडेल | | | | | | | | | |
| | ङ) ग्राफ | | | | | | | | | |
| | च) चित्र | | | | | | | | | |
| | छ) स्लाइड | | | | | | | | | |
| | ज) फिल्म | | | | | | | | | |
| | झ) स्टिप्स | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ञ इन्टरनेट | | | | | | | | | |
| | ट) सेतोपाटी | | | | | | | | | |
| | ठ) फ्लाटिन बोर्ड | | | | | | | | | |
| | ड) सुक्ष्मदर्शक यन्त्र | | | | | | | | | |
| | ढ) केमिकल | | | | | | | | | |
| | श्रव्य सामग्री | | | | | | | | | |
| | क) रेडियो | | | | | | | | | |
| | ख) टेपरेकर्डर | | | | | | | | | |
| | ग) फोनोग्राफ | | | | | | | | | |
| | घ) डिस्क | | | | | | | | | |
| | श्रव्य + दृष्य | | | | | | | | | |
| | क) नाटक | | | | | | | | | |
| | ख) सिनेमा | | | | | | | | | |
| | ग) भिडियो | | | | | | | | | |
| | घ) टि.भि. | | | | | | | | | |
| | विज्ञान प्रयोगशाला | | | | | | | | | |
| | क) | | | | | | | | | |
| | ख) | | | | | | | | | |
| | ग) | | | | | | | | | |
| | घ) | | | | | | | | | |
| | ङ) | | | | | | | | | |
| | च) | | | | | | | | | |
| | पुस्तकालय | | | | | | | | | |

## सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग

## अनुसूची ३

## शिक्षकाका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

१. यहाँले यस विद्यालयमा अध्यापन गराउँदै आएको कति समय भयो

..........................................................................................................

२. यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु प्रायः कुन-कुन समुदायबाट आउँछन् ?

..........................................................................................................

३. शैक्षिक सामग्रीको निर्माण र प्रयोग कति मात्रामा गर्नुहुन्छ ?

..........................................................................................................

४. विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरु प्रयोग गर्दै आउनु भएको छ ?

..........................................................................................

५. शैक्षिक सामग्रीको प्रयोगले शिक्षण प्रक्रियामा के कस्तो प्रभाव पारेको छ ?

..........................................................................................................

६. बालबालिकाको रुचि अनुसारशैक्षिक  सामग्रीको प्रयोग गर्नु भएको  छ ?

..........................................................................................................

७. शैकिक्षक सामग्रीको के कसरी प्रयोग गर्ने भन्ने सन्दर्भमा समय समयमा तालिम लिनु भएको छ ?

..................................................................................................

९. शैक्षिक सामग्रीको प्रयोग गर्दा के कस्ता समस्याहरु रहेका छन् ?

..................................................................................................

१०. शैक्षिक सामग्रीको उचित तवरबाट प्रयोग गर्न यहाँको भूमिका के के हुन सक्छ ?

..........................................................................................................

११. भोलिका दिनमा शैक्षिक सामग्रीलाई प्रभावकारी ढंगबाट प्रयोग गरी शैक्षिक उपलब्धि वृद्धि गर्न के कस्ता क्रियाकलापहरु गर्नु आवश्यक रहला ?

..........................................................................................................

# सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग

## अनुसूची २

## प्रधानाध्यापकका लागि अन्तरवार्ता प्रश्नावली

१. यहाँको विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरु प्रयोग गरिँदै आइएको छ ?

..........................................................................................................

२. विद्यालयमा शिक्षकहरुको अध्यापन विधि प्रति बेला-बेलामा निरीक्षण गर्नु भएको छ ?

..........................................................................................................

३. शिक्षकहरुले शिक्षण गर्दा के कस्ता शैक्षिक सामग्री प्रयोग गरेको पाउनु भएको छ ?

..........................................................................................................

४. के कसरी शैक्षिक सामग्रीको प्रयोग गर्ने भन्ने सन्दर्भमा छलफल तथा अन्तरक्रिया हुने गरेको छ ?

..........................................................................................................

५. शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण गर्दा सिकाइ क्रियाकलापमा के कस्तो प्रभाव परेको छ ?

..........................................................................................................

६. कक्षा कोठामा शैक्षिक सामग्रीको प्रयोग गर्नमा के कस्ता समस्याहरु रहेका छन् ?

..........................................................................................................

७. विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको यहाँको भूमिका के कस्तो रहेको छ ?

..........................................................................................................

८. भोलिका दिनमा शैक्षिक सामग्रीलाई थप प्रभावकारी ढंगबाट प्रयोग गर्न के कस्ता क्रियाकलापहरु गर्नु आवश्यक रहला ?

..........................................................................................................

## सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग

### अनुसूची-१

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तरवार्ता प्रश्नावली

१. यहाँको विद्यालयमा के शैक्षिक सामग्रीहरु प्रयोग गरिँदै आइएको छ ?

..........................................................................................................................

२. विद्यालयमा शिक्षकहरुको अध्ययपन विधि प्रति बेला-बेलामा निरीक्षण गर्नु भएको छ ?

..........................................................................................................................

३. शिक्षकहरुले शिक्षण गर्दा के कस्ता शैक्षिक सामग्री प्रयोग गरेको पाउनु भएको छ ?

..........................................................................................................................

४. के कसरी शैक्षिक सामग्रीको प्रयोग गर्ने भन्ने सन्दर्भमा वि.व्य.स., शिक्षक, अभिभावक तथा विद्यार्थी बिचमा छलफल तथा अन्तरक्रिया हुने गरेको छ ?

..........................................................................................................................

५. शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण गर्दा सिकाइ क्रियाकलापमा के कस्तो प्रभाव पारेको छ ?

..........................................................................................................................

६. कक्षा कोठामा शैक्षिक सामग्रीको प्रयोग गर्नमा के कस्ता समस्याहरु रहेका छन् ?

..........................................................................................................................

७. विद्यालयमा शैक्षिक  सामग्रीको प्रयोगको यहाँको भूमिका के कस्तो रहेको छ ?

..........................................................................................................................

८. भोलिका दिनमा श्रव्य शैक्षिक सामग्रीलाई थप प्रभावकारी ढंगबाट प्रयोग गर्न के कस्ता क्रियाकलापहरु गर्नु आवश्यक रहला ?

..........................................................................................................................

## सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग

### अनुसूची -४

### अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

१. यहाँका बाबुनानीहरु कति कति कक्षामा अध्ययन गर्ने गर्दछन् ?क

.................................................................................................................

२. विद्यालयमा शिक्षकहरुको अध्ययपन विधि प्रति बेला-बेलामा निरीक्षण गर्नु भएको छ ?

.................................................................................................................

३. शिक्षकहरुले शिक्षण गर्दा के कस्ता शैक्षिक सामग्री प्रयोग गरेको पाउनु भएको छ ?

.................................................................................................................

४. के कसरी शैक्षिक सामग्रीको प्रयोग गर्ने भन्ने सन्दर्भमा वि.व्य.स., शिक्षक, अभिभावक तथा विद्यार्थी बिचमा छलफल तथा अन्तरक्रिया हुने गरेको छ ?

.................................................................................................................

५. शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण गर्दा सिकाइ क्रियाकलापमा के कस्तो प्रभाव परेको पाउनु भएको छ ?

.................................................................................................................

६. कक्षा कोठामा शैक्षिक सामग्रीको प्रयोग गर्नमा के कस्ता समस्याहरु रहेको पाउनु भएको छ ?

.................................................................................................................

७. शैक्षिक सामग्रीको प्रयोग सम्बन्धमा यहाँको भूमिका के कस्तो रहेको छ ?

.................................................................................................................

८. भोलिका दिनमा शैक्षिक सामग्रीलाई थप प्रभावकारी ढंगबाट प्रयोग गर्न के कस्ता क्रियाकलापहरु गर्नु आवश्यक रहला ?

.................................................................................................................

## सामुदायिक र संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग

### अनुसूची -५

### विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली

१. तिमी कति कक्षामा पढ्छौ ?

..............................................................................................................

२. विद्यालयमा शिक्षकले अध्यापन गर्दा के कस्ता शैक्षिक सामग्रीको प्रयोग गर्दै आउनु भएको छ ।

..............................................................................................................

३. शैक्षिक सामग्रीको प्रयोग गरेर अध्यापन गर्दा अध्ययन कार्य कत्तिको प्रभावकारी हुन्छ ?

..............................................................................................................

४. कुन कुन विषय अध्यापन गर्ने शिक्षकले बढी मात्रामा शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्छ ?

..............................................................................................................

५. शैक्षिक सामग्रीको प्रयोगबाट शिक्षण गर्दा सिकाइ क्रियाकलापमा के कस्तो पर्दछ होला ?

..............................................................................................................

६. कक्षा कोठामा शैक्षिक सामग्रीको प्रयोग गर्नमा के कस्ता समस्याहरु रहेका छन् ?

..............................................................................................................

७. शैक्षिक सामग्रीको प्रयोग सम्बन्धमा बेला बेलामा विद्यार्थी तथा शिक्षक मिलेर स्थानीय तवरका शैक्षिक सामग्री निर्माण गर्ने गरेका छौं ?

..............................................................................................................

८. भोलिका दिनमा शैक्षिक सामग्रीलाई थप प्रभावकारी ढंगबाट प्रयोग गर्न के कस्ता क्रियाकलापहरु गर्नु आवश्यक रहला ?

..............................................................................................................

# सन्दर्भग्रन्थहरु


उपाध्याय, हरिनारायण (२०६६), *शिक्षण सिकाइमा स्थानीय स्रोत र साधनको प्रयोग,* काठमाण्डौ : शिक्षक मासिक पत्रिका ।

ओभा, रविन्द्र (२००९), *कस्ता बालकलाई कस्तो सामग्री,*www.hamrosamj.com.np. Reterieved in reterived in 23th March, 20016.

कोबुन, सृजन (१९६८), शैक्षणिक सामग्रीको महत्व, भारतः न्यूहिरा प्रकाशन।

खनाल, पेशल (२०६७), *अनुसन्धान पद्धती,* काठमाण्डौं : सनलाइट पब्लिकेसन ।

गिरी, केशवान्नद, र अन्य (२०५५), *सामाजिक अध्ययन शिक्षण,* भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

ढकाल, दयाराम (२०६६), *पूर्व प्राथमिक शिक्षामा शैक्षिक सामग्रीको प्रभावकारिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाण्डौं : त्रिभुवन विश्वविद्यालय ।

पौडेल, नवराज (२०६६), *शिक्षण सिकाइमा प्रभावकारिता बनाउन स्थानीय शैक्षिक सामग्रीहरुको प्रभावकारिता,* पोखराः विकासका निम्ती शिक्षा ।

*प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका (२०६१),* काठमाण्डौं : डल्फिन अफसेट प्रेस ।

*प्राथमिक तह अध्यापन अनुमतिपत्र परीक्षा दर्पण,* काठमाडौं :आशिष पुस्तक भण्डार .

रायमाझी, धर्मेन्द्रजगँ (२०५८), *शिक्षकको पेशागत विकास कार्यक्रमले शैक्षिक सामग्री निर्माण तथा प्रयोगमा पारेको प्रभाव,* अप्रकाशित स्नातकोत्तर शोध काठमाण्डौं : त्रिभुवन विश्वविद्यालय ।

वाग्ले, मनप्रसाद र ढकाल, माधव प्रसाद (२०५८), *प्राथमिक शिक्षाका सिद्धान्तहरु,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा चिरञ्जिवी र निर्मला (२०६७), *शिक्षा मनोविज्ञान,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, कुबेरनाथ (२०६५), *शिक्षणशास्त्र,* काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

शर्मा चिरञ्जिवी र निर्मला (२०६१), *शिक्षिका आधारहरु,* काठमाण्डौं : एम. के पब्लिकेशन ।

*शिक्षा नियमावली (२०५९),* छैटौं संशोधन (२०६७ सहित) काठमाण्डौं : प्रतिष्ठान प्रकाशन ।

*स्थानीय पाठ्यक्रम स्रोतकेन्द्र सामग्री, (२०६७)*।

सिहं (२०६०), *आधारभूत तथा प्राथमिक शिक्षा शिक्षण सिकाइका लागि पाठ्यक्रम सामाग्री,* विकासको निम्ति शिक्षा, शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रि.वि. ।

हाडा, भुपेन्द्र (२०५९), *गुणस्तरीय शिक्षण सामाग्री र वातावरणको अपरिहार्यता,* विकासको निम्ति शिक्षा, शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रि.वि. ।

CERID (2009), *Performance Level of Public and Private Primary School : A Compurative Study.* Unpublished M.Ed. Thesis, Kathmandu.